CC-0. Nepal Sanskrit Academy, Kathmandu

पूर्णिमा

इतिहास-प्रधान त्रैमासिक पत्रिका

३९

पूर्णाङ्क

संशोधन—मण्डल

CC-0. Nepal Sanskrit Academy, Kathmandu

CC-0. Nepal Sanskrit Academy, Kathmandu

का. मे. अ. द. नं. १५५/२४६

तदिह न गुणदोषौ योजनीयावलीकौ
कथमपि महता यत् संस्कृतोऽयं श्रमेण ।

– बापूदेव शास्त्री

[धेरै मिहिनेत गरी यो तयार गरिएको छ । यस कारण यहाँ झूटो गुण अथवा दोष नलाइदिनुहोला ।]

पूर्णिमा

१०
वर्ष

३
अङ्क

(इतिहास-प्रधान त्रैमासिक पत्रिका)

सम्पादक–
महेशराज पन्त
दिनेशराज पन्त

प्रकाशक–
देवीप्रसाद भण्डारी
(संशोधन-मण्डलद्वारा)

सहयोगी–
रामजी तेवारी

यस अङ्कको मूल्य रु. ८ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

विषयसूची

		पृष्ठ
१.	वि. सं. ६३३ देखि नेपालमा नयाँ संवत् चलेको थियो भन्ने कुराका प्रमाण नेपालमा र भोटमा गरी जम्मा ४ वटा पाइएका छन् — नयराज पन्त, महेशराज पन्त	९५–९९
२.	अंशुवर्माहरूले व्यवहार गरेको संवत् वि. सं. ६३३ देखि उठेको हो भनी सकार्दा अभिलेखका सबै मिति ट्वाक्क मिल्छन् — नयराज पन्त, देवीप्रसाद भण्डारी, भोलानाथ पौडेल, दिनेशराज पन्त	१००–११८
३.	लिच्छविसंवत्को निष्कर्षका रचयिता शङ्करमान राजवंशीले हाम्रो यस प्रश्नको के उत्तर दिने हुन् ? — नयराज पन्त, रामजी तेवारी	११८–१२९
४.	ऋषिवचनलाई पनि काट्न सक्ने सामर्थ्य शङ्करमान राजवंशीको वचनमा छ भन्ने नसकारेसम्म उनको लिच्छविसंवत्को निष्कर्ष प्रामाणिक ठहर्न सक्तैन — नयराज पन्त	१२९–१३१
५.	अभिलेखमा पाइएका तिथि वारहरूबाट त्यस अभिलेखमा रहेको संवत्को निर्णय विद्वान्हरू कस्तो ठाउँमा गर्छन् — नयराज पन्त, महेशराज पन्त	१३१–१३५
६.	सुमतितन्त्रको रचनाकाल — नयराज पन्त, देवीप्रसाद भण्डारी, दिनेशराज पन्त	१३५–१४८
७.	शङ्करमान राजवंशीका प्रलाप — नयराज पन्त	१४९–१५३
८.	चितौनवासमा रचिएका २पद्य — नयराज पन्त	१५३

CC-0. Nepal Sanskrit Academy, Kathmandu

वि. सं. ६३३ देखि नेपालमा नयाँ संवत् चलेको थियो भन्ने कुराका प्रमाण नेपालमा र भोटमा गरी जम्मा ४ बटा पाइएका छन्

—नयराज पन्त

सहायक —महेशराज पन्त

१. *सुमतितन्त्र*को मूलवाक्य

२. *सुमतितन्त्र*मा पछिपछि थपिएका वाक्य

३. वि. सं. १७१२ मा सारिएको *हरिवंश*को पुष्पिकावाक्य

४. भोटका स—सक्य—पान—चेन (वि. सं. १२३९—१३०८) को वाक्य

१. *सुमतितन्त्र*को मूल वाक्य

जातो दुर्योधनो राजा कलि -- प्रवर्त्तते ।
युधिष्ठिरो महाराजो दुर्योधनस्तयोःपि वा ।
उभौ राजौ सहस्त्रे द्वे वर्षन्तु सम्प्रवर्त्तति ।
नन्दराज्यं शताष्टञ्च श्चन्द्रगुप्तस्ततोपरे
राज्यङ्करोति तेनापि द्वात्रिंशच्चाधिकं शतम् ।
राजा शूद्रकदेवश्च वर्ष सप्ताब्धि चाश्विनौ
शकराजा ततो पश्चाद्वसुरन्ध्रकृतन्तथा ।
इत्येते - षितम्मह्यं ज्ञेया राजा क्रमेण तु ।।

(वीरपुस्तकालयको चौथो ५७ सङ्ख्याको *सुमतितन्त्र*को २ ख पत्रबाट)

[दुर्योधन राजा भएपछि कलियुग लाग्नेछ । राजा युधिष्ठिर र राजा दुर्योधनको संवत् २००० वर्षसम्म चल्नेछ । त्यसपछि ८०० वर्षसम्म राजा नन्दको संवत् चल्नेछ । त्यसपछि १३२ वर्षसम्म राजा चन्द्रगुप्तको संवत् चल्नेछ । त्यसपछि २४७ वर्षसम्म राजा शूद्रकदेवको संवत् चल्नेछ । त्यसपछि ४९८ वर्षसम्म शक राजाको संवत् चल्नेछ । राजाहरूका यी संवत् क्रमैसँग बताइए ।]

(वि. सं. २०३४ मा त्रिभुवनविश्वविद्यालयको संस्कृतअध्ययनसंस्थानको वाल्मीकिविद्यापीठद्वारा

CC-0. Nepal Sanskrit Academy, Kathmandu

प्रकाशित *मर्यादा* १३ अङ्कका ८–४१ पृष्ठमा छापिएको, देवीप्रसाद भण्डारी र दिनेशराज पन्तसँग मिली मैले लेखेको *सुमतितन्त्रबाट नेपालको इतिहासमा पर्न सक्ने प्रकाश* भन्ने निबन्ध, सो अङ्कका ८–१० पृष्ठ)

*सुमतितन्त्र*मा ताडपत्रमा प्राचीन लिपिमा थपघट नगरी क्रमैसँग माथिका श्लोक लेखिएका छन् ।

१. कलिगत २००० वर्षसम्म युधिष्ठिरसंवत्
२. कलिगत २००० वर्षको अन्त्यदेखि कलिगत २८०० वर्षसम्म नन्दसंवत्
३. कलिगत २८०० वर्षको अन्त्यदेखि कलिगत २९३२ वर्षसम्म चन्द्रगुप्तसंवत्
४. कलिगत २९३२ वर्षको अन्त्यदेखि कलिगत ३१७९ वर्षसम्म शूद्रकदेवसंवत्
५. कलिगत ३१७९ वर्षको अन्त्यदेखि कलिगत ३६७७ वर्षसम्म शकसंवत्

चल्नेछन् भन्ने कुरा *सुमतितन्त्र*का माथि उद्धरण गरिएका श्लोकबाट बुझिएको छ ।

यताबाट कलिगताब्द ३६७७ तथा शकसंवत् ४९८ देखि अर्कै संवत् चल्नेछ भन्ने कुराको सूचना *सुमतितन्त्र*को मूलभागबाट निस्कन्छ ।

अहिले वि. सं. २०३५ मा शकसंवत् १९०० हुन्छ । यो कुरा पात्रो हेरे थाहा पाइन्छ ।

यस कारण वि. सं. तथा शकसंवत्को अन्तर २०३५–१९००=१३५ हुन्छ भन्ने स्पष्ट छ । ४९८+१३५=६३३ हुन्छ । यस कारण वि. सं. ६३३ देखि नयाँ संवत् चल्यो भन्ने कुराको सूचना *सुमतितन्त्र*को मूल भागबाट आउँछ ।

२. *सुमतितन्त्र*मा पछिपछि थपिएका वाक्य

···कृतअम्बराग्नि – – –
–ीमानदेवाब्द प्रयुज्यमाना एतानि पिण्ड···

(*सुमतितन्त्र*को २ ख पत्रमा लेखिएका माथि उद्धरण गरिएका श्लोक लेखिसकेपछि काकपाद दिई माथितिर भिन्नै अक्षरमा लेखिएको वाक्य)

[त्यसपछि ३०४ वर्षसम्म मानदेवको संवत् चल्नेछ ।]

(*मर्यादा* १३ अङ्कका ९–१० पृष्ठ)

युधिष्ठिरदुर्ज्योधन उभो राज्याब्द २०००
नन्दराज्याब्द ८००
चन्द्रगुप्तराज्याब्द १३२

CC-0. Nepal Sanskrit Academy, Kathmandu

सुद्रकदेवराज्याब्द	२४७
शकराज्याब्द	४९८
मानन्देवस्य राज्याब्द	३०४

(*सुमतितन्त्र*को अन्तिम भागमा केही नयाँ अक्षरमा लेखिएका वाक्य । यहाँ पत्रसङ्ख्या देखिंदैन । *मर्यादा* १३ अङ्कको ९ पृष्ठ)

*सुमतितन्त्र*मा क्रमैसँग प्राचीन लिपिमा थपघट नगरी लेखिएको भागमा ४९८ वर्षसम्म शकसंवत् चल्छ भनी लेखिएकोले शकसंवत् ४९८ (वि. सं. ६३३) पछि अर्को संवत् चल्छ भन्ने सूचना त्यहाँबाट आउँछ भनी माथि नै लेखियो ।

काकपाद दिई माथि थपिएको, केही नयाँ अक्षरमा लेखिएको भागबाट शकसंवत् ४९८ पछि चलेको संवत्को नाउँ मानदेवसंवत् हो, मानदेवसंवत् ३०४ वर्षसम्म चल्छ भन्ने भाव स्पष्ट हुन्छ ।

शकसंवत् ४९८ (वि. सं. ६३३) पछि ३०४ वर्ष चल्ने मानदेवसंवत् शकसंवत् (४९८+३०४=)८०२ सम्म तथा वि. सं. (६३३+३०४=)९३७ सम्म चल्छ भन्ने कुरो स्पष्ट हुन्छ ।

अहिले वि. सं. २०३५ मा नेपालसंवत् १०९८ हुन्छ[1] । यो कुरो पात्रो हेरे थाहा पाइन्छ ।

यस कारण वि. सं. तथा नेपालसंवत्को अन्तर २०३५–१०९८=९३७ हुन्छ भन्ने स्पष्ट हुन्छ । यताबाट वि. सं. ९३७ देखि नेपालसंवत् चलेको हो भन्ने बुझिन्छ ।

यस कारण काकपाद दिई माथि लेखिएको भाग नेपालसंवत् चलिसकेपछि अर्थात् वि. सं. ९३७ भन्दा पछि थपिएको हो तथा क्रमैसँग पहिले लेखिएको भागचाहिँ वि. सं. ६३३ भन्दा पछि वि. सं. ९३७ भन्दा अघिको कुनै वर्षमा तयार भएको हो भन्ने कुरो स्पष्ट छ । *सुमतितन्त्र*को पछिल्लो भागमा केही नयाँ अक्षरमा लेखिएको माथि उद्धृत गरिएको भाग पनि नेपालसंवत् चलिसकेपछि लेखिएको हो भन्ने सिद्ध हुन्छ । त्यसबाट पनि शकसंवत् ४९८ (वि. सं. ६३३) देखि मानदेवसंवत् चल्यो र सो संवत्को चलन ३०४ वर्षसम्म अर्थात् वि. सं. ९३७ सम्म रह्यो भन्ने बुझिन्छ[2] ।

३. वि. सं. १७१२ मा सारिएको *हरिवंश*को पुष्पिकावाक्य

इति श्रीमहाभारते शतसाहस्र्यां वैयाशिक्यां संहितायां खिलेषु हरिवंशे पारिजातहरिवंशः समाप्तः संपूर्णः ।।००।।
संवत् नेपालिकः ७७५ जैष्टमासे शुक्लपक्षे पूर्णमास्यां तिथौ शुक्रवासरे

---

१. कार्तिकशुक्लप्रतिपद्देखि नेपालसंवत् १०९९ हुन्छ ।

२. *सुमतितन्त्र*को प्रमाणको चर्चा प्राचीन नेपालको इतिहासको विषयमा ४० वर्ष यताहेखि लेख्ने प्रायः सबैले पक्ष वा विपक्षको रूपमा गरेका छन् ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

थ्व कु रामानन्देन लिखितं संपूर्ण्णं दिनं ।। शुक्लयांगे । शुभमस्तु ।। ज्येष्ठ–नक्षत्रे ।। ।। ।।

अथ ।। श्रीकलिराजवर्ष ४७५६।।··· अथ ।। श्रीविक्रमाब्द ।।१७१२।। अथ श्रीशकरराजवर्ष ।।१५७७।।··· अथ श्रीमानदेवराजवर्ष ।।१०७९।। ··· अथ ।। स्वस्ति श्रीमतनेपालिक ।। श्रेयोस्तु ।। सम्वत् ।।७७५।।[३]

(*हरिवंश*बाट । यस पुस्तकको माइक्रोफिल्म नेपाल राष्ट्रिय अभिलेखालयमा ग्रन्थसङ्ख्या ई. ६९५९, रीलसङ्ख्या ई $\frac{३३८}{८}$. $\frac{३३९}{१}$ मा छ । यस पुष्पिकावाक्यमा अरू अरू संवत् पनि दिइएका छन् । तो संवत्को प्रमाणपूर्वक मैले परिचय गर्न नसकेकोले तिनको उद्धरण यहाँ गरिएन ।)

यताबाट

कलिगतसंवत् – मानदेवसंवत्	= ४७५६ – १०७९	=	३६७७
विक्रमसंवत् – मानदेवसंवत्	= १७१२ – १०७९	=	६३३
शकसंवत् – मानदेवसंवत्	= १५७७ – १०७९	=	४९८
मानदेवसंवत् – नेपालसंवत्	= १०७९ – ७७५	=	३०४

सिद्ध हुन्छ ।

यस कारण वि. सं. १७१२ सम्म अर्थात् सो संवत्को चलनचलती छुटेको झण्डै ८०० वर्ष हुन लाग्दा पनि वि. सं. ६३३ देखि नयाँ संवत् चलेको थियो भन्ने कुराको सम्झना नेपालमा रहेको देखिन्छ ।

वीरपुस्तकालयमा रहेको *हरिवंश*को एक पुस्तकमा पनि यी संवत्हरूको चर्चा भएको कुरा वि. सं. २०२६ मा कलकत्ताबाट फर्मा के. एल. मुखोपाध्यायद्वारा प्रकाशित श्रीडिल्लीरमण रेग्मीको *एन्शन्ट् नेपाल्* (नेपालको प्राचीन इतिहास) को तेस्रो संस्करणको १११ पृष्ठमा परेको छ ।

---

३. यस दिनको गणना गर्दा आएको पञ्चाङ्ग यस प्रकारको छ—

नेपालसंवत् ७७५ वि. सं. १७१२ ज्येष्ठशुक्ल

गते	वार	तिथि	घडी	पला	नक्षत्र	घडी	पला	योग	घडी	पला
आषाढ १०	शुक्र	पूर्णिमा	५३	३०	ज्येष्ठा	९	५९	शुभ	३	१९

शुभयोग ३ घडी १९ पलासम्म रहन्छ । त्यसपछि शुक्लयोग लाग्छ । ज्येष्ठानक्षत्र ९ घडी ५९ पलासम्म रहन्छ । यस कारण ३ घडी १९ पलाउप्रान्त ९ घडी ५९ पलाभित्र हरिवंशको माथिको वाक्य लेखिएको देखिन्छ ।

यो गणना मैले र देवीप्रसाद भण्डारीले भिन्नाभिन्नै गरी भिडाई संशोधन गरी एकरूपता त्याई तयार गरेका हौं ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

भोटका स-सक्य-पान-चेन (वि. सं. १२३९–१३०८) को वाक्य

वि. सं. २०१८ मा रोमबाट इस्तित्युतो इतालिआनो पर् इल् मेदिओ इद् इस्त्रेमो ओरियन्त् (मध्य र सुदूर पूर्वसम्बन्धी इटालीको विद्वत्संस्था) द्वारा प्रकाशित इस्ट् यान्ड् वेस्ट् (पूर्व र पश्चिम) को १२ भागको ४ अङ्कका २२७–२३२ पृष्ठमा श्रीलूच्यानो पेतेकको द क्रोनल्अजि अफ् दि अर्लि इन्स्क्रिप्शन्ज् अफ् नेपाल् (नेपालका प्राचीन अभिलेखहरूको कालनिर्णय) भन्ने निबन्ध छापिएको छ । सो लेखमा वि. सं. ६३३ देखि नेपालमा नयाँ संवत् चल्यो भन्ने परम्परा भोटमा छ, वि. सं. १२३९–१३०८ का स–सक्य–पान–चेनले यही परम्परालाई आधार मानी कालगणना गरेका थिए भन्ने कुरा सिद्ध गरिएको छ । *सुमतितन्त्र*मा वि. सं. ६३३ देखि नयाँ संवत् चल्यो भन्ने जुन कुरा लेखिएको छ, सो कुरा भोटको परम्पराबाट पनि समर्थित छ भनी त्यहाँ श्रीपेतेकले लेख्नुभएको छ । श्रीपेतेकको यस अन्वेषणको उल्लेख अरू इतिहासकारहरूले पनि गरेका छन्[४] ।

—०—

४. श्रीडिल्लीरमण रेग्मीको *एन्शन्ट् नेपाल्*को तेस्रो संस्करणका १०९–१११ पृष्ठ, वि. सं. २०३० मा काशीबाट भारतीय–विद्या–प्रकाशनद्वारा प्रकाशित श्रीराम गोयलको *प्राचीन नेपाल का राजनीतिक और सांस्कृतिक इतिहास*का ४५–४७ पृष्ठ

CC-0. Nepal Sanskrit Academy, Kathmandu

अंशुवर्माहरूले व्यवहार गरेको संवत् वि. सं. ६३३ देखि उठेको हो भनी सकार्दा अभिलेखका सबै मिति ट्वाक्क मिल्छन्

–नयराज पन्त

सहायक–

देवीप्रसाद भण्डारी

भोलानाथ पौडेल

दिनेशराज पन्त

अंशुवर्माहरूले व्यवहार गरेको संवत् गणना गरी निश्चित गर्न चारवटा आधार पाइएका छन् ।

(१) भक्तपुर इनाय्चोको अभिलेख

(वि. सं. २०३० वैशाख १ गते काठमाडौंबाट श्रीमदनमणि दीक्षितद्वारा प्रकाशित *समीक्षा*को १० पृष्ठमा छापिएको श्रीमोहनप्रसाद खनालको *भक्तपुरमा प्राप्त संवत ३१ को लिच्छवि कालको अप्रकाशित अभिलेख* भन्ने निबन्धमा यो अभिलेख सर्वप्रथम प्रकाशित भएको हो ।)

(२) पाटन सुनधाराको अभिलेख

[वि. सं. १९४२ मा केम्ब्रिजबाट केम्ब्रिज युनिभर्सिटी प्रेसद्वारा प्रकाशित सेसिल बेन्डलको *अ जर्नि अफ् लिट्अर्अरि यान्ड् आर्कीओलजिकल् रिसर्च् इन् नेपाल् यान्ड् नर्दर्न् इन्डिअ, ड्यूर्ङ् द विन्टर् अफ् १८८४ – ५* (वि. सं. १९४१ को हिउँदमा नेपाल र उत्तरभारतमा वाङ्मय र पुरातत्त्व-सम्बन्धी अन्वेषणको लागि भएको यात्रा) का ७४–७५ पृष्ठमा यो अभिलेख सर्वप्रथम प्रकाशित भएको हो ।]

(३) चाँगुको अंशुवर्माको अभिलेख

(वि. सं. २०३० आषाढमा काठमाडौंबाट त्रिभुवनविश्वविद्यालयको नेपाल र एशियाली अध्ययनसंस्थानद्वारा प्रकाशित धनवज्र वज्राचार्यको *लिच्छविकालका अभिलेख*को ३१७ पृष्ठमा यो अभिलेख सर्वप्रथम प्रकाशित भएको हो ।)

(४) केसरपुस्तकालयमा रहेको ६९९ सङ्ख्याको *सौश्रुती संहिता सहोत्तरा*नामक ग्रन्थको पुष्पिकावाक्य

[वि. सं. २०२३ मा काठमाडौंबाट नेपाली साहित्यसंस्थानद्वारा प्रकाशित *हिमानी*को ३ वर्ष २ अङ्कमा

CC-0. Nepal Sanskrit Academy, Kathmandu

छापिएको श्रीबुद्धिसागर पराजुलीको *हाम्रा प्राचीन हस्तलिखित पुस्तकहरू* भन्ने निबन्धमा (सो अङ्कको २१ पृष्ठमा) यो पुष्पिकावाक्य सर्वप्रथम प्रकाशित भएको हो ।]

(१) बाट संवत् ३१ मा पौषमा अधिमास परेको थियो भन्ने थाहा पाइन्छ ।

(२) बाट संवत् ३४ मा पौषमा अधिमास परेको थियो भन्ने थाहा पाइन्छ ।

(३) बाट संवत् ३१ मा माघशुक्ल त्रयोदशीमा आइतवार तथा तिष्यनक्षत्र परेका थिए भन्ने थाहा पाइन्छ ।

(४) बाट संवत् ३०१ मा वैशाखशुक्ल सप्तमीमा आइतवार तिष्यनक्षत्र तथा सिद्धयोग परेका थिए भन्ने थाहा पाइन्छ ।

वि. सं. ६३३ देखि नेपालमा नयाँ संवत् चलेको थियो भन्ने विषयमा

(१) *सुमतितन्त्र*को मूल वाक्य

(२) *सुमतितन्त्र*मा पछिपछि थपिएका वाक्य

(३) वि. सं. १७१२ मा सारिएको *हरिवंश*को पुष्पिकावाक्य

(४) भोटका स-सक्य-पान-चेन (वि. सं. १२३९–१३०८) को वाक्य

यी प्रमाण पाइएका छन् भनी यही अङ्कमा छापिएको *वि.सं. ६३३ देखि नेपालमा नयाँ संवत् चलेको थियो भन्ने कुराका प्रमाण नेपालमा र भोटमा गरी जम्मा ४ वटा पाइएका छन्* भन्ने निबन्धमा सप्रमाण लेखिएको छ । माथि उल्लिखित चारवटै मितिका गणना वि. सं. ६३३ देखि उठेको संवत्बाट मिल्छन् भनी अब यस निबन्धमा देखाइन्छ ।

माथिका ४ वटै मितिका गणना हामीले धेरै ग्रन्थबाट धेरै प्रकारबाट गरेका छौं । तो सबै गणना एकैपल्ट प्रकाश गर्नु सम्भव छैन । अहिलेलाई वि. सं. १९८३ मा बीजापुरबाट दत्तात्रेय केतकरद्वारा प्रकाशित वेङ्कटेश केतकरको *सौरार्यब्राह्मपक्षीय–तिथिगणित*बाट गरिएका गणना यहाँ दिइन्छन् । हामी चार जनाले भिन्नाभिन्नै गणना गरी भिडाई संशोधन गरी एकरूपता ल्याई यो निबन्ध तयार गरेका हौं । गणितको सामान्य ज्ञान भएका मानिस पनि गणना बुझ्न सकून् तथा भविष्यमा आफैं पनि गणना गर्न सकून् भन्ने भावले यहाँ सबै गणना दिइएका छन् । यसलाई परीक्षा गर्ने अधिकार सबैलाई छ ।

(१) संवत् ३१ द्वितीयपौषशुक्लाष्टम्याम्

(*लिच्छविकालका अभिलेख*को ३१५ पृष्ठ)

अभिलेखको संवत् ३१ = वि. सं. (६३३ + ३१) = वि. सं. ६६४

यताबाट यो अभिलेख वि. सं. ६६४ मा राखिएको देखिन्छ ।

अब यो कुरा गणनाबाट सिद्ध गरिन्छ ।

अंशुवर्माहरूले व्यवहार गरेको संवत् कार्तिकादि थियो भन्ने कुराको सङ्केत अनन्तलिङ्गेश्वरमा रहेको

CC-0. Nepal Sanskrit Academy, Kathmandu

नरेन्द्रदेवको अभिलेख (*लिच्छविकालका अभिलेखका* ४८५–४८७ पृष्ठ) बाट पाइन्छ १ ।

यस कारण अभिलेखको संवत् ३१ वि. सं. ६६४ को कार्तिकदेखि वि. सं. ६६५ को आश्विनसम्म रहन्छ ।

विक्रमसंवत्बाट १३५ घटाए शकसंवत् आउँछ । यस कारण वि. सं. ६६४ = शकसंवत् (६६४–१३५) = शकसंवत् ५२९ हुन्छ । यस कारण अभिलेखको संवत् ३१ शकसंवत् ५२९ कार्तिकदेखि शकसंवत् ५३० आश्विनसम्म रहन्छ । वेङ्कटेश केतकरको *सौरार्यब्राह्मपक्षीय–तिथिगणित*मा छापिएको अधिमासक्षयमाससारणीमा शकसंवत् ५३० को ज्येष्ठमा अधिमास छ । सो अधिमास अभिलेखको संवत् ३१ ज्येष्ठमा पर्छ ।

---

१. वि. सं. २०१८ वैशाखमा काठमाडौं बाट संशोधन-मण्डलद्वारा प्रकाशित रामजी तेवारी, देवीप्रसाद भण्डारी, भोलानाथ पौडेल, शङ्करमान राजवंशी, धनवज्र वज्राचार्य, गौतमवज्र वज्राचार्य, महेशराज पन्त र नयनाथ पौडेल-को *अभिलेख-संग्रह* पहिलो भागका ३५–३८ पृष्ठमा अनन्तलिङ्गेश्वरको यो अभिलेख सर्वप्रथम छापिएको हो । अंशुवर्माहरूले व्यवहार गरेको संवत् कार्तिकादि रहेछ भन्ने कुरोको चर्चा त्यसै वेलादेखि संशोधन-मण्डलमा चल्न लाग्यो र वि. सं. २०२२ देखि लिच्छविकालका अभिलेखका संवत्का अङ्कको निर्णय गर्न थाल्दा हामीहरूले यस कुरामा दृष्टि दिन थाल्यौं । यसैले कालक्रमअनुसार लिच्छविकालका संवत्का अङ्कको प्रतिलिपि दिंदा र प्रतिलिपि दिई पाठ छपाउँदा एकै संवत्का तर भिन्न भिन्न महीनाका विभिन्न अभिलेख पाइए कार्तिकादि वर्षबाट जुन महीना पहिले आउँछ, त्यही महीनालाई पहिलो क्रममा राख्ने नियम बसाल्यौं । वि. सं. २०२२ मा प्रकाशित *पूर्णिमा* ६ अङ्कमा छापिएको नयराज पन्तको *लिच्छविकालका अभिलेखमा पाइएका संवत्का अङ्कका प्रतिलिपि* भन्ने निबन्ध (सो अङ्कको ४ पृष्ठ) मा यसै कारणले संवत् ६७ का पौष र भाद्रका अभिलेखका संवत्का अङ्कको प्रतिलिपि दिंदा पहिले पौषको अभिलेख राखिएको हो । वि. सं. २०२५ मा प्रकाशित *पूर्णिमा* १९ अङ्कमा छापिएको धनवज्र वज्राचार्यको *लिच्छविकालका अभिलेखमा देखापरेका संवत्का अङ्कको निर्णय* भन्ने निबन्ध (सो अङ्कको १८४ पृष्ठ)मा पनि यसै कारणले संवत् ६७ का तो अभिलेखका संवत्का अङ्कको प्रतिलिपि दिई पाठ पढ्दा पहिले पौषको अभिलेख राखिएको हो । धनवज्रले वि. सं. २०३० आषाढमा प्रकाशित आफ्नो *लिच्छविकालका अभिलेखका* ८०–८१ पृष्ठमा कार्तिकादि वर्षको चर्चा पनि गरे । २०३० को कार्तिकमा शङ्करमानको *लिच्छविसंवत्को निष्कर्ष* निस्कियो, त्यसका १९–२० पृष्ठमा पनि यो कुरो प्रकाशित भयो । वि. सं. २०३४ मा श्री ५ को सरकार शिक्षामन्त्रालय पुरातत्त्वविभागद्वारा प्रकाशित *प्राचीन नेपाल*को ४० सङ्ख्यामा छापिएको *सैद्धान्तिक एक निष्कर्ष* भन्ने आफ्नो लेखमा शङ्करमानले

अंशुवर्माको सवत् कार्तिकादि हो भन्ने कुरो मैले पत्ता लगाएको हुं

(*प्राचीन नेपाल* ४० सङ्ख्याको ९ पृष्ठ)

भनी जो लेखे, त्यो कुरो सत्य हो कि होइन भन्ने कुरो परीक्षकहरू बुझ्न सक्छन् ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

मृगकुम्भधरे मीने क्रियगोनृयुगे तथा ।
अर्क्कसङ्क्रमणे नष्टे द्विपौषं कुरुते बुधः ।।[२]

(वीरपुस्तकालय पहिलो १६३४ सङ्ख्याको ताडपत्रमा लेखिएको *धर्मनिर्णयतिथिसारसङ्ग्रह*को २२ क पत्र)

[माघ, फाल्गुन, चैत्र, वैशाख, ज्येष्ठ र आषाढमा अधिमास परे पण्डितहरू दुइटा पौष मान्छन् ।]

अभिलेखको संवत् ३१ को ज्येष्ठमा परेको अधिमास *धर्मनिर्णयतिथिसारसङ्ग्रह*को माथि उद्धृत यस वचन-अनुसार पौषमा लिइने भयो ।

यस कारण भक्तपुर इनायूचोको उक्त अभिलेखमा रहेको

संवत् ३१ द्वितीयपौषशुक्लाष्टम्याम्

यस वाक्यको सङ्गति लाग्यो ।

(२) संवत् ३४ प्रथमपौषशुक्लद्वितीयायाम्

(*लिच्छविकालका अभिलेख*को ३४० पृष्ठ)

अभिलेखको संवत् ३४ = वि. सं. (६३३+३४) = वि. सं. ६६७ = शकसंवत् (६६७–१३५) = शकसंवत् ५३२ हुन्छ ।

यस कारण अभिलेखको संवत् ३४ शकसंवत् ५३२ कार्तिकदेखि शकसंवत् ५३३ आश्विनसम्म रहन्छ ।

सौरार्यब्राह्मपक्षीय–तिथिगणितको अधिमासक्षयमाससारणीमा शकसंवत् ५३३ को वैशाखमा अधिमास छ । सो अधिमास

मृगकुम्भधरे मीने क्रियगोनृयुगे तथा ।
अर्क्कसङ्क्रमणे नष्टे द्विपौषं कुरुते बुधः ।।

---

२. वि. सं. २०१५ मा रोमबाट इस्तित्युतो इतालिआनो पर् इल् मेदिओ इद् इस्त्रेमो ओरियन्त् (मध्य र सुदूर पूर्वसम्बन्धी इटालीको विद्वत्संस्था) द्वारा प्रकाशित श्रीलूच्यानो पेतेकको *मेडिईभल् हिस्टरि अफ् नेपाल्* (नेपालको मध्यकालको इतिहास) को १८ पृष्ठमा यो वाक्य सर्वप्रथम छापिएको हो । शङ्करमान राजवंशीको वि. सं. २०३० मा प्रकाशित *लिच्छविसंवत्को निष्कर्ष*को ११ पृष्ठमा तथा वि. सं. २०३४ मा प्रकाशित *प्राचीन नेपाल*को ४१–४२ सङ्ख्याका १–४ पृष्ठमा छापिएको शङ्करमान राजवंशीको *अनुसन्धानको एक निष्कर्ष* भन्ने निबन्धमा (२ पृष्ठमा) पनि यो वाक्य छापिएको छ । शङ्करमानले यो वाक्य सर्वप्रथम छाप्ने पेतेकको नाम नलिई आफू मात्रै यशस्वी हुन खोजेका छन् ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

*धर्मनिर्णयतिथिसारसङ्ग्रह*को यस वचनअनुसार पौषमा लिइने भयो ।

यस कारण पाटन सुनधाराको उक्त अभिलेखमा रहेको

संवत् ३४ प्रथमपौषशुक्लद्वितीयायाम्

यस वाक्यको सङ्गति लाग्यो ।

(३) एकत्रिंशत्तमे वर्षे वर्तमाने स्वसंस्थया
माघशुक्लत्रयोदश्याम्पुष्येण सवितुर्दिने

(*लिच्छविकालका अभिलेख*को ३१७ पृष्ठ)

[संवत् ३१ माघशुक्ल त्रयोदशी तिष्यनक्षत्र आइतवार]

यताबाट अभिलेखको संवत् ३१ मा माघशुक्ल त्रयोदशीको दिन आइतवार तथा तिष्य नक्षत्र परेका थिए भन्ने देखिन्छ ।

अब गणितद्वारा यसको परीक्षा गरिन्छ ।

अभिलेखको संवत् ३१ = वि. सं. (६३३+३१) = वि. सं. ६६४ = शकसंवत् (६६४-१३५) = शकसंवत् ५२९ हुन्छ ।

अभिलेखको संवत् ३१ को पौषमा अधिमास लिइएको थियो भन्ने कुरा भक्तपुर इनाय्चोको अभिलेख (१ सङ्ख्या) को प्रसङ्गमा परिसकेको छ । यस कारण

चैत्र १, वैशाख २, ज्येष्ठ ३, आषाढ ४, श्रावण ५, भाद्र ६, आश्विन ७, कार्तिक ८, मार्ग ९, प्रथमपौष १०, द्वितीयपौष ११ यो गतमास हुन्छन् ।

तिथिगण = चैत्रशुक्ल प्रतिपदादेखि इष्टदिनसम्मका तिथि

= चैत्रादि गतचान्द्रमास × ३० + वर्तमान चान्द्रमासका शुक्लादि वर्तमान तिथि

= ११ × ३० + १३ = ३३० + १३ = ३४३

*सौरार्यत्राह्मपक्षीय-तिथिगणित*मा शकसंवत् १८०० (वि. सं. १९३५) देखि वर्षगण उठाइएको छ । यस कारण

वर्षगण = इष्टशकसंवत् - १८०० = ५२९-१८०० = - १२७१

उपकरण वर्षगण ऋण १२७१ भएकोले वर्षगण १२७१ को गति ल्याई क्षेपक (शकसंवत् १८०० का तिथि, वारादि, चन्द्रकेन्द्र, सूर्यकेन्द्र, नक्षत्रका ध्रुव) बाट घटाई इष्ट शकसंवत् ५२९ को प्रारम्भको ध्रुव ल्याउनुपर्‍यो ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

सूर्यसिद्धान्तानुसारी १ कोष्ठबाट

	वर्ष	तिथि	वारादि वा. घ. प.	चन्द्रकेन्द्र रा. अं.	सूर्यकेन्द्र रा. अं.	नक्षत्र न. क.
	१०००	२४	४। ५६। ८	९। १९·५	११। २९.२	२१। ४३१·४
	२००	२२	५। ४७। ५९	१। १७·६	११। २९·१	१९। ५८३·७
	७०	२४	३। ३४। ५९	१०। २०·१	११। २९·५	२१। ४४८·७
	१	११	१। ११। ४२	३। १·४	११। २९·९	९। ७१६·२
	१२७१	८१	१३।१४८।१६८	२३। ५८·६	४४। ११७.७	७०।२१८०·०
	१२७१	२१	१। ३०। ४८	०। २८·६	११। २७·७	१८। ५८०·०
क्षेपक	१८००	१२	१। १८। १०	५। २२·७	९। १२·२	१०। ६५२·०
वर्षगण ऋण१२७१ को गति		२१	१। ३०। ४८	०। २८·६	११। २७·७	१८। ५८०·०
शक ५२९ को प्रारम्भको ध्रुव		२१	६। ४७। २२	४। २४·१	९। १४·५	१९। ७२·०

तिथिगण = ३४३

ध्रुवतिथि = २१

३४३–२१= ३२२ यस कारण २ कोष्ठको उपकरण ३२२ हुने भयो ।

तिथि	वारादि वा. घ. प.	चन्द्रकेन्द्र रा. अं.	सूर्यकेन्द्र रा. अं.	नक्षत्र न. क.	
२१	६। ४७। २२	४।२४·१	९।१४·५	१९। ७२·०	१ कोष्ठद्वारा गणनाबाट आएको वर्षादिको ध्रुव
३००	१। १८। २१	८।१८·२	९।२१·१	२१। ६६३·३	२ कोष्ठबाट
२०	५। ४१। १३	८।१७·२	०।१९·४	१९। ३६४·२	
२	१। ५८। ७	०।२५·७	०। १·९	१। ७५६·४	
३४३	१३।१६४। ६३।	२०।८५·२	१८।५६·९	६०।१८५५·९	
३४३	१। ४५। ३	१०।२५·२	७।२६·९	८। २५५·९	

मध्यम गणना सकियो ।

चन्द्रमन्दफल तथा चन्द्रगति ल्याएको

	रा.	अं.
उपकरण चन्द्रमन्दकेन्द्र =	१०।	२५.२

३ कोष्ठबाट

चन्द्रमन्दकेन्द्र रा.	अं.	चन्द्रमन्दफल कला
१०।	२५	– १७२·८
१०।	२६	– १६८·५
अन्तर		+ ४·३

CC-0. Nepal Sanskrit Academy, Kathmandu

अन्तर	+ ४·३	− १७२·८
शेष ×	·२	+ ·८६
	+·८६	−१७१·९४

∴ चन्द्रमन्दफलकला = −१७१·९४

५ कोष्ठबाट

चन्द्रगतिकला = ७३८

सूर्यमन्दफल तथा सूर्यगति ल्याएको

	रा,	अं.
उपकरण सूर्यमन्दकेन्द्र =	७।	२६.९

४ कोष्ठबाट

सूर्यमन्दकेन्द्र रा, अं.	सूर्यमन्दफल कला
७। २६	+ १०८·३
७। २७	+ १०९·६
अन्तर	+ १·३

अन्तर	+ १·३	+१०८.३
शेष	× ९·	+१·१७
	+ १·१७	+१०९·४७

∴ सूर्यमन्दफलकला = १०९·४७

५ कोष्ठबाट

सूर्यगतिकला = ६०

मध्यमतिथ्यन्तकाल तथा स्पष्टतिथ्यन्तकालको अन्तर (तिथिपराख्य) ल्याएको

चन्द्रमन्दफलकला	=	− १७१·९४
सूर्यमन्दफलकला	=	+ १०९·४७
चन्द्रसूर्यमन्दफलयोगकला	=	− ६२·४७
चन्द्रगतिकला	=	७३८
सूर्यगतिकला	=	६०
चन्द्रसूर्यको गत्यन्तरकला	=	६७८

$$\text{तिथिपराख्य} = \frac{\text{चन्द्रसूर्यमन्दफलयोगकला} \times ६०}{\text{चन्द्रसूर्यगत्यन्तरकला}}$$

$$= \frac{-६२·४७ \times ६०}{६७८} = \frac{-३७४८.२०}{६७८}$$

CC-0. Nepal Sanskrit Academy, Kathmandu

$$= -\begin{pmatrix} \text{घ.} & \text{प.} \\ ५। & ३१·७ \end{pmatrix} \text{ अर्थात् } \begin{matrix} \text{घ.} & \text{प.} \\ ५। & ३२ \end{matrix} \text{ ऋण}$$

६७८०) ३७४८२ (५।३१·६
३३९००
३५८२ × ६०
११३) ३५८२
३३९
१९२

१९२
११३
७९०
६७८
११२

स्पष्टतिथ्यन्तकाल ल्याएको

		वा.	घ.	प.
मध्यमतिथ्यन्तकाल	=	१।	४५।	३
तिथिपराख्य	=	−	५।	३२
स्पष्टतिथ्यन्तकाल	=	१।	३९।	३१

यताबाट माघशुक्ल त्रयोदशीको समाप्ति आइतवार ३९ घडी ३१ पला बितेपछि हुने देखियो। लङ्काको मध्यमसूर्योदयकालदेखि बितेको समय यो हो।

नक्षत्रसाधन

न.	क.
८।	२५५·९

यसको अर्थ आठौं नक्षत्र तिष्य गतनक्षत्र हो, नवौं अश्लेषाको भुक्तकला २५५·९ भन्ने हुन्छ।

मध्यमतिथ्यन्तकालमा अश्लेषाको भुक्तकाल (नक्षत्रपराख्य) ल्याएको

अश्लेषाको भुक्तकला = −२५५·९
चन्द्रमन्दफलकला = −१७१·९४
अश्लेषाको स्पष्टभुक्तकला = −४२७·८४

$$\text{नक्षत्रपराख्य} = \frac{\text{अश्लेषाको स्पष्टभुक्तकला} \times ६०}{\text{चन्द्रगतिकला}}$$

$$= \frac{-४२७·८४ \times ६०}{७३८} = \frac{-२५६७०·४०}{७३८}$$

$$= -\begin{pmatrix} \text{घ.} & \text{प.} \\ ३४। & ४७ \end{pmatrix}$$

CC-0. Nepal Sanskrit Academy, Kathmandu

घ. प

७३८०) –२५६७०४ (– (३४। ४७ ।

२२१४०

१५३०४

२९५२०

५७८४ × ६०

१२३) ५७८४

४९२

८६४

८५१

१३

		वा.	घ.	प.
मध्यमतिथ्यन्तकाल	=	१।	४५।	३
नक्षत्रपराख्य	=	–	३४।	४७
तिष्यनक्षत्रको समाप्तिकाल	=	१।	१०।	१६

यताबाट तिष्यनक्षत्रको समाप्ति आइतवार १० घडी १६ पलामा हुने भयो। लङ्काको मध्यमसूर्योदयकालदेखि बितेको समय यो हो।

अब काठमाडौंको समय ल्याइन्छ।

रेखान्तरसंस्कार ल्याएको

रेखादेशबाट काठमाडौं ९२ योजन पूर्वमा छ। यस कारण

काठमाडौंको रेखान्तर = ९२–$\frac{१}{४}$ स्व = ९२–$\frac{९२}{४}$ = ९२–२३ = ६९ पला

घ. प.

= १। ९

रेखादेशबाट काठमाडौं पूर्वमा भएको हुनाले काठमाडौंमा रेखान्तरसमय धनात्मक हुन्छ।

भुजान्तरसंस्कार ल्याएको

रा. अं.

उपकरण सूर्यमन्दकेन्द्र = ७। २६·९

६ कोष्ठबाट

सूर्यमन्दकेन्द्र		भुजान्तरसंस्कार
रा.	अं.	पला
७।	२६	–१६·८
७।	२७	–१७·१
	अन्तर	–०· ३

CC-0. Nepal Sanskrit Academy, Kathmandu

अन्तर – ·३
शेष × ·९
– ·२७
– १६· ८
– ·२७
–१७.०७

यस कारण

भुजान्तरसंस्कार पला =– १७

अयनांश ल्याएको

शकसंवत् ५२९
–४४४
६०) ८५ (१·४ अंश
६०
२५

अयनांश = १·४ अंश

६०) १०९·४७ (१·८२ अंशात्मक सूर्यमन्दफल
६०
४९४
४८०
१४७
१२०
२७

सायनस्पष्टसूर्य ल्याएको

		रा.	अं.
सूर्यमन्दकेन्द्र	=	७।	२६·९
सूर्यमन्दोच्च	=	२।	१८
सूर्यमन्दफल	=		१·८
अयनांश	=		१·४
सायनस्पष्टसूर्य	=	१०।	१८·१

१ अङ्गुल पलभा भएको देशको चर ल्याएको

		रा.	अं.
उपकरण सायनस्पष्टसूर्य	=	१०।	१८·१

CC-0. Nepal Sanskrit Academy, Kathmandu

६ कोष्ठबाट

सायनस्पष्टसूर्य रा.	अं.		चर पला
१०।	१८		−१३·१
१०।	१९		−१२·८
		अन्तर	+ ·३

अन्तर	+·३	−१३·१
शेष	×·१	+· ०३
	+·०३	−१३·०७

∴ १ अङ्गुल पलभा भएको देशको चरपला = −१३·०७

काठमाडौंको चर ल्याएको

१ अङ्गुल पलभा भएको देशको चरपला = −१३·०७

काठमाडौंको अङ्गुलात्मक पलभा = × ६·२

२६१४

७८४२

काठमाडौंको चरपला = − ८१·०३४

" चर = − (१घडी २१ पला)

	घ.	प.
रेखान्तर	=+१।	९
भुजान्तर	=−	।१७
चर	=− १।	२१
	− १।	३८
	+ १।	९
त्रिफलसंस्कार	= −०।	२९

लङ्काको मध्यमसूर्योदयकाल र काठमाडौंको स्पष्टसूर्योदय-कालको अन्तर (त्रिफलसंस्कार) ऋण ० घडी २९ पला हुन्छ ।

	माघशुक्ल त्रयोदशीको समाप्तिकाल वा.	घ.	प.	तिष्यनक्षत्रको समाप्तिकाल वा.	घ.	प.
लङ्काको मध्यम सूर्योदयदेखि बितेको समय	= १।	३९।	३१	१।	१०।	१६
त्रिफलसंस्कार	=−	।	२९	−	।	२९
काठमाडौंको स्पष्टसूर्योदयदेखि बितेको समय	१।	३९।	२	१।	९।	४७

यति गणनाबाट

अभिलेखको संवत् (मानदेवसंवत्) ३१ विक्रमसंवत् ६६४ शाके ५२९ माघशुक्ल

वार	तिथि	घडी	पला	नक्षत्र	घडी	पला
आदित्य	त्रयोदशी	३९।	२	तिष्य	९।	४७

CC-0. Nepal Sanskrit Academy, Kathmandu

यसरी चाँगुको अंशुवर्माको अभिलेखमा लेखिएका तिथि, वार, नक्षत्र सबै ट्वाक्क मिल्न आए।

फेरि संवत् ३१ लाई वि. सं. ६३३ बाट उठेको मानदेवसंवत् मान्दा ६३३+३१ =६६४ वि. सं. (शक ५२९) हुन्छ। यसबाट गणना गर्दा शुक्रवार आयो र मिलेन।

(*लिच्छविसंवत्को निष्कर्षको ७ पृष्ठ*)

भनी शङ्करमानले जो लेखे, त्यसको कारण उनको गणना गर्ने राम्रो ढङ्ग नहुनु हो।

(४) वर्षे चैकोत्तरस्मिंस्त्रितयशतगते माधवे मासि शुक्ले
सप्तम्यां पुष्यऋक्षे दश(श)तकिरणे वासरे सिद्धयोगे ।।

(*लिच्छविकालका अभिलेखको ५९९ पृष्ठ*)

[संवत् ३०१ वैशाखशुक्ल सप्तमी तिष्यनक्षत्र आइतवार सिद्धयोग]

यसबाट अभिलेखको संवत् ३०१ मा वैशाखशुक्ल सप्तमीको दिन आइतवार, तिष्यनक्षत्र तथा सिद्धयोग परेका थिए भन्ने देखिन्छ।

अब गणितद्वारा यसको परीक्षा गरिन्छ।

अभिलेखको संवत् ३०१ = वि. सं. (६३३+३०१) = वि. सं. ९३४ = शकसंवत् (९३४-१३५) = शकसंवत् ७९९ हुन्छ।

अभिलेखको संवत् कार्तिकादि हुनाले वि. सं. ९३४ (शकसंवत् ७९९) को कार्तिकदेखि वि. सं. ९३५ (शकसंवत् ८००) को आश्विनसम्म अभिलेखको संवत् ३०१ रहन्छ। अभिलेखमा दिइएको तिथि वैशाखशुक्लको हुनाले त्यस वेला वि. सं. ९३५ (शकसंवत् ८००) हुन्छ।

तिथिगण = चैत्रशुक्ल प्रतिपदादेखि इष्टदिनसम्मका तिथि
= चैत्रादि गतचान्द्रमास × ३० + वर्तमान चान्द्रमासका शुक्लादि वर्तमान तिथि
= १ × ३० + ७ = ३० + ७ = ३७

वर्षगण = इष्टशकसंवत्-१८०० = ८००-१८०० = -१०००

उपकरण वर्षगण ऋण १००० भएकोले वर्षगण १००० को गति ल्याई क्षेपक (शकसंवत् १८०० का तिथि, वारादि, चन्द्रकेन्द्र, सूर्यकेन्द्र, नक्षत्रका ध्रुव) बाट घटाई इष्टशकसंवत् ८०० को प्रारम्भको ध्रुव ल्याउनुपर्‍यो।

सूर्यसिद्धान्तानुसारी १ कोष्ठबाट

	वर्ष	तिथि	वारादि			चन्द्रकेन्द्र		सूर्यकेन्द्र		नक्षत्र	
			वा.	घ.	प.	रा.	अं.	रा.	अं.	न.	क.
क्षेपक	१८००	१२	१।	१८।	१०	५।	२२·७	९।	१२·२	१०।	६५२·०
वर्षगण ऋण १००० को गति		२४	४।	५६।	८	९।	१९·५	११।	२९·२	२१।	४३१·४
शक ८०० को प्रारम्भको ध्रुव		१८	३।	२२।	२	८।	३·२	९।	१३·०	१६।	२२०·६

CC-0. Nepal Sanskrit Academy, Kathmandu

तिथिगण = ३७
ध्रुवतिथि = १८
३७–१८ = १९ यस कारण २ कोष्ठको उपकरण १९ हुने भयो ।

तिथि	वारादि वा. घ. प.	चन्द्रकेन्द्र रा. अं.	सूर्यकेन्द्र रा. अं.	नक्षत्र न. क.	
१८	३। २२। २	८। ३·२	९। १३·०	१६। २२०·६	१ कोष्ठद्वारा गणनाबाट आएको वर्षादिको ध्रुव
१०	२। ५०। ३७	४। ८·६	०। ९·७	९। ५८२·१	२ कोष्ठबाट
९	१। ५१। ३२	३। २५·७	०। ८·७	८। ६०३·९	
३७	६। १२३। ७१	१५।३७·५	९। ३१·४	३३। १४०६·६	
३७	१। ४। ११	४। ७·५	१०। १·४	७। ६०६·६	

मध्यम गणना सकियो ।

चन्द्रमन्दफल तथा चन्द्रगति ल्याएको

रा. अं.
उपकरण चन्द्रमन्दकेन्द्र = ४। ७·५

३ कोष्ठबाट

चन्द्रमन्दकेन्द्र रा. अं.		चन्द्रमन्दफल कला
४। ७		+२४०·६
४। ८		+२३७·५
	अन्तर	− ३.१

अन्तर − ३·१
शेष × ·५
− १·५५

+ २४०·६
− १·५५
+२३९·०५

∴ चन्द्रमन्दफलकला = +२३९·०५

५ कोष्ठबाट

चन्द्रगतिकला = ८३०

सूर्यमन्दफल तथा सूर्यगति ल्याएको

रा. अं.
उपकरण सूर्यमन्दकेन्द्र = १०। १·४

CC-0. Nepal Sanskrit Academy, Kathmandu

४ कोष्ठबाट

सूर्यमन्दकेन्द्र रा. अं.	सूर्यमन्दफल कला
१०। १	+११२·०
१०। २	+११०·८
अन्तर	− १·२

अन्तर − १·२
शेष × ·४
− ·४८

+११२·०
− ·४८
+१११·५२

∴ सूर्यमन्दफलकला = + १११·५२

५ कोष्ठबाट

सूर्यगतिकला = ५८

मध्यमतिथ्यन्तकाल तथा स्पष्टतिथ्यन्तकालको अन्तर (तिथिपराख्य) ल्याएको

चन्द्रमन्दफलकला = + २३९·०५
सूर्यमन्दफलकला = +१११·५२
चन्द्रसूर्यमन्दफलयोगकला = + ३५०·५७

चन्द्रगतिकला = ८३०
सूर्यगतिकला = ५८
चन्द्रसूर्यगत्यन्तरकला = ७७२

$$\text{तिथिपराख्य} = \frac{\text{चन्द्रसूर्यमन्दफलयोगकला} \times ६०}{\text{चन्द्रसूर्यगत्यन्तरकला}}$$

$$= \frac{+३५०·५७ \times ६०}{७७२} = \frac{+२१०३४·२०}{७७२} = +(\text{घ. २७। प. १४·८})$$ अर्थात् घ. २७। प. १५ धन

घ. प.
७७२०) २१०३४२ (+(२७। १४·८)
१५४४०
५५९४२
५४०४०
१९०२ × ६०
३८६) १९०२ × ३
५७०६
३८६
१८४९
१५४४
३०२०
३०८८
−६८

स्पष्टतिथ्यन्तकाल ल्याएको

	वा.	घ.	प.
मध्यमतिथ्यन्तकाल =	१।	४।	११
तिथिपराख्य = +		२७।	१५
स्पष्टतिथ्यन्तकाल =	१।	३१।	२६

CC-0. Nepal Sanskrit Academy, Kathmandu

यताबाट वैशाखशुक्ल सप्तमीको समाप्ति आइतवार ३१ घडी २६ पला बितेपछि हुने देखियो । लङ्काको मध्यमसूर्योदयकालदेखि बितेको समय यो हो ।

नक्षत्रसाधन

न. क.

७। ६०६·६

यसको अर्थ सातौं नक्षत्र पुनर्वसु गतनक्षत्र हो, आठौं तिष्यको भुक्तकला ६०६·६ भन्ने हुन्छ ।

मध्यमतिथ्यन्तकालदेखि तिष्यको भोग्यकाल (नक्षत्रपराख्य) ल्याएको

तिष्यको जम्मा कला = ८००
तिष्यको भुक्तकला = − ६०६·६
तिष्यको भोग्यकला = +१९३·४

तिष्यको भोग्यकला = +१९३·४
चन्द्रमन्दफलकला = +२३९·०५
तिष्यको स्पष्टभोग्यकला = +४३२·४५

$$\text{नक्षत्रपराख्य} = \frac{\text{तिष्यको स्पष्टभोग्यकला} \times ६०}{\text{चन्द्रगतिकला}}$$

$$= \frac{+४३२·४५ \times ६०}{८३०} = \frac{+२५९४७·००}{८३०}$$

घ. प.

= +(३१। १६) मध्यमतिथ्यन्तकालदेखि तिष्यको भोग्यकाल

घ. प.

८३०) २५९४७(+(३१। १६)
२४९०
१०४७
८३०
२१७ · ६०
८३) २१७ × ६
१३०२
८३
४७२
४९८
−२६

		वा.	घ.	प.
मध्यमतिथ्यन्तकाल	=	१।	४।	११
नक्षत्रपराख्य	= +		३१।	१६
तिष्यनक्षत्रको समाप्तिकाल	=	१।	३५।	२७

यताबाट तिष्यनक्षत्रको समाप्ति आइतवार ३१ घडी २७ पलामा हुने भयो । लङ्काको मध्यमसूर्योदयकालदेखि बितेको समय यो हो ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

अब काठमाडौंको समय ल्याइन्छ ।

		घ.	प.
काठमाडौंको रेखान्तर	=	+(१।	९)

भुजान्तरसंस्कार ल्याएको

		रा.	अं.
उपकरण सूर्यमन्दकेन्द्र	=	१०।	१·४

६ कोष्ठबाट

सूर्यमन्दकेन्द्र रा.	अं.		भुजान्तरसंस्कार पला		अन्तर +·३ शेष ×·४
१०।	१		− १७·७		+·१२
१०।	२		− १७·४		
		अन्तर	+ ·३		− १७·७
					+ ·१२
					−१७·५८

यस कारण

भुजान्तरसंस्कारपला = −१८

अयनांश ल्याएको

शकसंवत् ८००
− ४४४
६०)३५६ (५·९ अंश
३००
५६
५४
२

अयनांश = ५·९ अंश

६०) १११·५२ (१·८६ अंशात्मक सूर्यमन्दफल
६०
५१५
४८०
३५२
३६०
−८

सायनस्पष्टसूर्य ल्याएको

		रा.	अं.
सूर्यमन्दकेन्द्र	=	१०।	१·४
सूर्यमन्दोच्च	=	२।	१८
सूर्यमन्दफल	=		१·९
अयनांश	=		५·९
सायनस्पष्टसूर्य	=	१२।	२७·२

CC-0. Nepal Sanskrit Academy, Kathmandu

यस कारण

	रा.	अं.
सायनस्पष्टसूर्य =	०।	२७·२

१ अङ्गुल पलभा भएको देशको चर ल्याएको

	रा.	अं.
उपकरण सायनस्पष्टसूर्य =	०।	२७·२

६ कोष्ठबाट

सायनस्पष्टसूर्य रा.	अं.	चर पला
०।	२७	+९·०
०।	२८	+९·३
	अन्तर	+ ·३

अन्तर + ·३
शेष × ·२
+ ·०६

+ ९·०
+ ·०६
+ ९·०६

∴ १ अङ्गुल पलभा भएको देशको चरपला = +९·१

काठमाडौंको चर ल्याएको

१ अङ्गुल पलभा भएको देशको चरपला = + ९·१
काठमाडौंको अङ्गुलात्मक पलभा = × ६·२
१८२
५४६
काठमाडौंको चरपला = + ५६·४२

		घ.	प.
रेखान्तर	= +	१।	९
भुजान्तर	= −	।	१८
चर	= +	।	५६
	+	२।	५
	−	।	१८
त्रिफलसंस्कार	= +	१।	४७

लङ्काको मध्यमसूर्योदयकाल र काठमाडौंको स्पष्टसूर्योदयकालको अन्तर (त्रिफलसंस्कार) धन १ घडी ४७ पला हुन्छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

		वैशाखशुक्ल सप्तमीको समाप्तिकाल			तिष्यनक्षत्रको समाप्तिकाल		
		वा.	घ.	प.	वा.	घ.	प.
लङ्काको मध्यमसूर्योदयदेखि बितेको समय	=	१।	३१।	२६	१।	३५।	२७
त्रिफलसंस्कार	= +		१।	४७	+	१।	४७
काठमाडौंको स्पष्टसूर्योदयदेखि बितेको समय	=	१।	३३।	१३	१।	३७।	१४

यति गणनाबाट

अभिलेखको संवत् (मानदेवसंवत्) ३०१ विक्रमसंवत् ९३५ शाके ८०० वैशाखशुक्ल

वार	तिथि	घडी	पला	नक्षत्र	घडी	पला
आदित्य	सप्तमी	३३।	१३	तिष्य	३७।	१४

सूर्येऽर्कमूलोत्तरपुष्यदास्रं ··· ।।२८।।

सर्वार्थसिद्धयै कथितानि पूर्वैः ।।२९।।

(*मुहूर्तचिन्तामणि* शुभाशुभप्रकरण)

[आइतवार अश्विनी, तिष्य, उत्तरफाल्गुनी, हस्त, मूल, उत्तराषाढा, उत्तरभाद्र नक्षत्र परेमा सर्वार्थसिद्ध योग पर्छ भनी पूर्वाचार्यहरूले बताएका छन् ।]

यताबाट आइतवार तिष्यनक्षत्र परेकोले सर्वार्थसिद्ध (सिद्ध) योग पन्यो ।

यसरी *सौश्रुती संहिता सहोत्तरा*मा लेखिएका तिथि, वार, नक्षत्र, योग सबै ट्वाक्क मिले ।

यस कारण

यस संवत् ३०१ लाई सुमतितन्त्रमा बताए बमोजिम वि. सं. ६३३ बाट उठेको मानदेवसंवत् मानी गणना गर्दा उक्त मिति मगलवार आउँछ र मिल्दैन । त्यस कारण उक्त सहोत्तरतन्त्रमा लेखिएको संवत् मानदेवसंवत् होइन,

(*लिच्छविसंवत्को निष्कर्ष*का १६–१७ पृ.)

भन्ने शङ्करमानको वचन अज्ञानमूलक सिद्ध हुन्छ ।

वि. सं. ६३३ (शकसंवत् ४९८) देखि नयाँ संवत् चल्यो भन्ने कुरा *सुमतितन्त्र*को मूल भाग र भोटको लेखबाट थाहा पाइन्छ । वि. सं. ६३३ देखि मानदेवसंवत् चल्यो भन्ने कुरा *सुमतितन्त्र*को पछि लेखिएको भाग र *हरिवंश*को पुष्पिकाबाट थाहा पाइन्छ । यो चारवटै प्रमाणबाट वि. सं. ६३३ देखि नेपालमा नयाँ संवत् चल्यो भन्ने कुरा निश्चित हुन्छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

गणनाबाट

१– भक्तपुर इनाय्चोको अभिलेखको संवत् ३१ को पौषको अधिमास वि. सं. (६३३+३१) = वि. सं. ६६४ को पौषमा देखियो ।

२– पाटन सुनधाराको अभिलेखको संवत् ३४ को पौषको अधिमास वि. सं. (६३३+३४) = वि सं. ६६७ को पौषमा देखियो ।

३– चाँगुको अंशुवर्माको अभिलेखको संवत् ३१ को माघशुक्ल त्रयोदशी आइतवार तिष्य नक्षत्र वि. सं. (६३३+३१) = वि. सं. ६६४ को माघशुक्ल त्रयोदशीमा ट्वाक्क मिले ।

४– *सौश्रुती संहिता सहोत्तरा*को संवत् ३०१ को वैशाखशुक्ल सप्तमी आइतवार तिष्यनक्षत्र सिद्धयोग वि. सं. (६३३+३०१) = वि. सं. ९३४ (अभिलेखको संवत् कार्तिकादि हुँदा अभिलेखको संवत् ३०१ वैशाखशुक्ल वि. सं. ९३५ को वैशाखमा पर्छ) वि. सं. ९३५ को वैशाखशुक्ल सप्तमीमा ट्वाक्क मिले ।

वि. सं. ६३३ देखि नयाँ संवत् चल्यो भन्ने प्राचीन लेख पाइएको र सो संवत् लिई गणना गर्दा पाइए जति सबै तिथिमिति मिलेकाले अंशुवर्माहरूले व्यवहार गरेको संवत् वि. सं. ६३३ देखि उठेको हो भन्ने कुरामा केही शङ्का रहँदैन ।



लिच्छविसंवत्को निष्कर्षका रचयिता शङ्करमान राजवंशीले हाम्रो यस प्रश्नको के उत्तर दिने हुन् ?

नयराज पन्त
सहायक– रामजी तेवारी

ब्रह्मसिद्धान्तबाट गणित गर्दा अंशुवर्मा भन्दा अघि चलेका संवत्मा २२ वर्ष घटाएपछि शक संवत् हुने कुरा पत्ता लाग्यो र चांगुको मानदेवको स्तम्भलेखमा "संवत् ३८६ ज्येष्ठमासे शुक्ल पक्षे प्रतिपदि रोहिणी नक्षत्रयुक्ते चन्द्रमसि मुहुर्ते प्रशस्ते भिजिति" भनी लेखिएको मितिको गणना गर्दा सोमवार आएकोले प्रशस्ते अभिजिति मुहुर्ते

CC-0. Nepal Sanskrit Academy, Kathmandu

भनी अन्वय गरे झैं रोहिणी नक्षत्रयुक्ते प्रतिपदि भनी अन्वय गरी चन्द्रमसिको अर्थ सोमवार भन्न मिल्ने भयो। त्यसको अर्थ पहिले संवत् ३८६ जेठ महिना शुक्ल पक्ष परेवामा रोहिणी नक्षत्रमा चन्द्रमा बसेमा असल अभिजित् मुहूर्तमा भन्ने गरी आइरहेको थियो। कारण त्यस वखत गणनाबाट निर्णय भैसकेको थिएन। चन्द्रमा जुन नक्षत्रमा जान्छन् त्यही नक्षत्र पञ्चाङ्गमा लेख्ने चलन छ। त्यसकारण जुन दिन नक्षत्र लेखेको हुन्छ त्यो दिन त्यस नक्षत्रमा चन्द्रमा छन् भन्ने कुरा स्वतः थाहा हुने हुन्छ। रोहिणी नक्षत्रमा चन्द्रमा वसेको वेलामा भनी अर्थ गर्दा अत्युक्ति हुने भयो। गणितवाट सोमवारको पुष्टि हुंदा चन्द्रमसिको अर्थ सोमवार भन्ने कुरामा शंका नहुने भयो।

(वि. सं. २०३४ मा श्री ५ को सरकार शिक्षामन्त्रालय पुरातत्त्वविभागद्वारा प्रकाशित, पुरातत्त्वविभागको मुखपत्र *प्राचीन नेपाल* ४१–४२ अङ्कमा छापिएको शङ्करमान राजवंशीको *अनुसन्धानको एक निष्कर्ष* भन्ने निवन्ध, सो अङ्कको ३ पृष्ठ)

*प्राचीन नेपाल*मा छापिएको शङ्करमानको यस लेखबाट उनको विचारअनुसार रोहिणीनक्षत्रयुक्ते प्रतिपदि भनी अन्वय गर्नुपर्ने भयो। **महानुपयोगिता वर्तते**[1] जस्तै **रोहिणीनक्षत्रयुक्ते प्रतिपदि** हो। संस्कृतभाषाको व्याकरणको अध्ययनको अभावले मात्र यस्ता लेख निस्कन्छन्। संस्कृतभाषामा लेखपढ गर्न सक्ने मानिस यो कुरो बुझ्छन्। *पारस्करगृह्यसूत्रहरू* जसले पढेका छन्, उनीहरू पनि यहाँ सोमवार भन्ने अर्थ हुन सक्तैन भन्ने कुरो स्पष्टसँग बुझछन्[2]।

गणितबाट ३८६–२२=३६४ शकसंवत् अर्थात् वि. सं. ४९९ मा ज्येष्ठशुक्ल प्रतिपद्मा रोहिणीनक्षत्र सोमवार अभिजित्मुहूर्त सबै कुरा मिल्न आउँछन्, यस कारण मानदेवले चाँगुमा अभिलेख राखेको समय सोही हुन्छ भन्ने शङ्करमानको भनाइ छ। अभिलेखबाट सोमवार भन्ने अर्थ आउँदैन। यो कुरो निश्चित छ। तैंपनि शङ्करमानको ढिपीअनुसार अभिलेखमा परेको चन्द्रमसि पदको अर्थ सोमवार नै गर्ने हो भनी स्वीकार गरे तापनि उनले निकालेको निष्कर्ष हेत्वाभासले कसरी दूषित छ भन्ने देखाउन यो निवन्ध प्रस्तुत गरिन्छ।

(१) **स्वस्ति। श्रीशालिवाहनशाके १६५७ तथा श्रीमन्नृपविक्रमसंवत् १७९२**

ज्येष्ठ (शुक्ल) रात्रिमानं २६।८

---

१. त्रिभुवनविश्वविद्यालयका कुलसचिव (रजिस्ट्रार) लाई वि. सं. २०२५।३।१३।४ मा मैले लेखेको पत्र (वि. सं. २०२५ मा प्रकाशित *पूर्णिमा* १९ अङ्कका २४३–२४४ पृष्ठ)

२. वि. सं. २०३३ मा प्रकाशित *पूर्णिमा* ३५ अङ्कमा छापिएको *लिच्छविसंवत्को निष्कर्षको परीक्षा* भन्ने मेरो निवन्ध, सो अङ्कका १८८–१९७ पृष्ठ

यस विषयमा वाल्मीकिविद्यापीठका वेदविषयका प्राध्यापक सोमनाथ पौडेलजीसँग मैले धेरै प्रकारबाट छलफल गरेको छु। यस्तो वाक्यमा सोमवार भन्ने अर्थ शास्त्रबाट केही गरे पनि आउँदैन भनी उहाँले भन्नुभएको छ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

१ २० रो १८ चं

(पात्रोवाट)

दिनको १५ भागको १ भागलाई मुहूर्त भन्छन् । दिनमा आठौँ मुहूर्त अभिजित् हुन्छ । जस्तै दिनमान ३० घडी हुँदा १४ घडीदेखि १६ घडीसम्म अभिजित्मुहूर्त पर्छ । यस कारण १२ बज्नुभन्दा केही अघिदेखि केहीपछिसम्म प्रत्येक दिन अभिजित्मुहूर्त पर्छ ।

यस कारण वि. सं. १७९२ ज्येष्ठशुक्ल प्रतिपद्मा रोहिणीनक्षत्र सोमवार अभिजित्मुहूर्त परेको देखिन्छ ।

यहाँ वि. सं. १७९२ मा ज्येष्ठशुक्ल प्रतिपद्मा रोहिणीनक्षत्र सोमवार अभिजित्मुहूर्त परेका छन् । यस कारण मानदेवले चाँगुमा अभिलेख राखेको दिनका महीना, पक्ष, तिथि, वार, नक्षत्र, मुहूर्त यी सबै कुरा वि सं. १७९२ मा ट्वाक्क मिल्न आए । यस कारण वि. सं. १७९२ मा चाँगुमा मानदेवले अभिलेख राखेका हुन् भन्ने सिद्ध हुन्छ । मानदेवले चाँगुमा अभिलेख राख्दा संवत् ३८६ थियो भनी त्यहीँ लेखिएको छ । १७९२ बाट ३८६ घटाउँदा १४०६ बाँकी रहन्छ । यस कारण वि. सं. १४०६ देखि लिच्छविसंवत् उठेको हो भन्ने निष्कर्ष निस्कन्छ ।

(२) १७१४ ज्येष्ठशुक्ले

१ ५६।३१ रो ५९।८ चं

(पात्रोवाट)

यस कारण शाके १७१४ (वि. सं. १८४९) ज्येष्ठशुक्ल प्रतिपद्मा रोहिणीनक्षत्र सोमवार अभिजित्मुहूर्त परेको देखिन्छ ।

यहाँ वि. सं. १८४९ मा ज्येष्ठशुक्ल प्रतिपद्मा रोहिणीनक्षत्र सोमवार अभिजित्मुहूर्त परेका छन् । यस कारण मानदेवले चाँगुमा अभिलेख राखेको दिनका महीना, पक्ष, तिथि, वार, नक्षत्र, मुहूर्त यी सबै कुरा वि. सं. १८४९ मा ट्वाक्क मिल्न आए । यस कारण वि. सं. १८४९ मा चाँगुमा मानदेवले अभिलेख राखेका हुन् भन्ने सिद्ध हुन्छ । मानदेवले चाँगुमा अभिलेख राख्दा संवत् ३८६ थियो भनी त्यहीँ लेखिएको छ । १८४९ बाट ३८६ घटाउँदा १४६३ बाँकी रहन्छ । यस कारण वि. सं. १४६३ देखि लिच्छविसंवत् उठेको हो भन्ने निष्कर्ष निस्कन्छ ।

(३) १७२८ १८६३

ज्येष्टशुक्ले

१ चं १५।४८ रो ३६।६

(पात्रोबाट)

CC-0. Nepal Sanskrit Academy, Kathmandu

यस कारण वि. सं. १८६३ ज्येष्ठशुक्ल प्रतिपद्मा रोहिणीनक्षत्र सोमवार अभिजित्-मुहूर्त परेको देखिन्छ ।

यहाँ वि. सं. १८६३ मा ज्येष्ठशुक्ल प्रतिपद्मा रोहिणीनक्षत्र सोमवार अभिजित्मुहूर्त परेका छन् । यस कारण मानदेवले चाँगुमा अभिलेख राखेको दिनका महीना, पक्ष, तिथि, वार, नक्षत्र, मुहूर्त यी सबै कुरा वि. सं. १८६३ मा ट्वाक्क मिल्न आए । यस कारण वि. सं. १८६३ मा चाँगुमा मानदेवले अभिलेख राखेका हुन् भन्ने सिद्ध हुन्छ । मानदेवले चाँगुमा अभिलेख राख्दा संवत् ३८६ थियो भनी त्यहीँ लेखिएको छ । १८६३ बाट ३८६ घटाउँदा १४७७ बाँकी रहन्छ । यस कारण वि. सं. १४७७ देखि लिच्छविसंवत् उठेको हो भन्ने निष्कर्ष निस्कन्छ ।

(४) संवत् १८६६ शाकः १७३१

ज्येष्टशुक्लः

१ चं ३२।३९ कृ ६।८

(पात्रोबाट)

यहाँ कृत्तिका ६ घडी ८ पलासम्म छ । त्यसउप्रान्त रोहिणी लाग्छ ।

यस कारण वि. सं. १८६६ ज्येष्ठशुक्ल प्रतिपद्मा रोहिणीनक्षत्र सोमवार अभिजित्-मुहूर्त परेको देखिन्छ ।

यहाँ वि. सं. १८६६ मा ज्येष्ठशुक्ल प्रतिपद्मा रोहिणीनक्षत्र सोमवार अभिजित्-मुहूर्त परेका छन् । यस कारण मानदेवले चाँगुमा अभिलेख राखेको दिनका महीना, पक्ष, तिथि, वार, नक्षत्र, मुहूर्त यी सबै कुरा वि. सं. १८६६ मा ट्वाक्क मिल्न आए । यस कारण वि. सं. १८६६ मा चाँगुमा मानदेवले अभिलेख राखेका हुन् भन्ने सिद्ध हुन्छ । मानदेवले चाँगुमा अभिलेख राख्दा संवत् ३८६ थियो भनी त्यहीँ लेखिएको छ । १८६६ बाट ३८६ घटाउँदा १४८० बाँकी रहन्छ । यस कारण वि. सं. १४८० देखि लिच्छविसंवत् उठेको हो भन्ने निष्कर्ष निस्कन्छ ।

(५) विक्रमार्कसंवत् १८७३ शालिवाहनशकः १७३८

ज्येष्टकृष्णः

० चं ७।३१ रो ४७।५२ दि. ३३।२२

(पात्रोबाट)

यहाँ ज्येष्ठकृष्ण औँसी ७ घडी ३१ पलासम्म छ । त्यसउप्रान्त ज्येष्ठशुक्ल प्रतिपद् लाग्छ ।

यस कारण वि. सं. १८७३ ज्येष्ठशुक्ल प्रतिपद्मा रोहिणीनक्षत्र सोमबार अभिजित्-मुहूर्त परेको देखिन्छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

यहाँ वि. सं. १८७३ मा ज्येष्ठशुक्ल प्रतिपद्मा रोहिणीनक्षत्र सोमवार अभिजित्मुहूर्त परेका छन् । यस कारण मानदेवले चाँगुमा अभिलेख राखेको दिनका महीना, पक्ष, तिथि, वार, नक्षत्र, मुहूर्त यी सबै कुरा वि. सं. १८७३ मा ट्वाक्क मिल्न आए। यस कारण वि. सं. १८७३ मा चाँगुमा मानदेवले अभिलेख राखेका हुन् भन्ने सिद्ध हुन्छ। मानदेवले चाँगुमा अभिलेख राख्दा संवत् ३८६ थियो भनी त्यहीँ लेखिएको छ। १८७३ बाट ३८६ घटाउँदा १४८७ बाँकी रहन्छ । यस कारण वि. सं. १४८७ देखि लिच्छविसंवत् उठेको हो भन्ने निष्कर्ष निस्कन्छ।

(६) शकः १७४१ संवत् १८७६

ज्यैष्ठकृष्णः

० ०।१८ रो ६०।० चं दि ३३।२२

(पात्रोबाट)

यहाँ ज्येष्ठकृष्ण औँसो १८ पलासम्म छ। त्यसउप्रान्त ज्येष्ठशुक्ल प्रतिपद् लाग्छ।

यस कारण वि. सं. १८७६ ज्येष्ठशुवल प्रतिपद्मा रोहिणीनक्षत्र सोमवार अभिजित्-मुहूर्त परेको देखिन्छ।

यहाँ वि. सं. १८७६ मा ज्येष्ठशुक्ल प्रतिपद्मा रोहिणीनक्षत्र सोमवार अभिजित्मुहूर्त परेका छन् । यस कारण मानदेवले चाँगुमा अभिलेख राखेको दिनका महीना, पक्ष, तिथि, वार, नक्षत्र, मुहूर्त यी सबै कुरा वि. सं. १८७६ मा ट्वाक्क मिल्न आए। यस कारण वि. सं. १८७६ मा चाँगुमा मानदेवले अभिलेख राखेका हुन् भन्ने सिद्ध हुन्छ। मानदेवले चाँगुमा अभिलेख राख्दा संवत् ३८६ थियो भनी त्यहीँ लेखिएको छ। १८७६ बाट ३८६ घटाउँदा १४९० बाँकी रहन्छ । यस कारण वि. सं. १४९० देखि लिच्छविसंवत् उठेको हो भन्ने निष्कर्ष निस्कन्छ।

(७) स्वस्ति श्रीसंवत् १८९३ शाके १७५८

ज्येष्टशुक्ल दि ३३।२४

१ ३७।२९ कृ ५।५६ चं

(पात्रोबाट)

यहाँ कृत्तिका ५ घडी ५६ पलासम्म छ । त्यसउप्रान्त रोहिणी लाग्छ।

यस कारण वि. सं. १८९३ ज्येष्ठशुक्ल प्रतिपद्मा रोहिणीनक्षत्र सोमवार अभिजित्-मुहूर्त परेको देखिन्छ।

यहाँ वि. सं. १८९३ मा ज्येष्ठशुक्ल प्रतिपद्मा रोहिणीनक्षत्र सोमवार अभिजित्मुहूर्त परेका छन् । यस कारण मानदेवले चाँगुमा अभिलेख राखेको दिनका महीना, पक्ष, तिथि, वार,

CC-0. Nepal Sanskrit Academy, Kathmandu

नक्षत्र, मुहूर्त यो सबै कुरा वि. सं. १८९३ मा ट्वाक्क मिल्न आए । यस कारण वि. सं. १८९३ मा चाँगुमा मानदेवले अभिलेख राखेका हुन् भन्ने सिद्ध हुन्छ । मानदेवले चाँगुमा अभिलेख राख्दा संवत् ३८६ थियो भनी त्यहीँ लेखिएको छ । १८९३ बाट ३८६ घटाउँदा १५०७ बाँकी रहन्छ । यस कारण वि. सं. १५०७ देखि लिच्छविसंवत् उठेको हो भन्ने निष्कर्ष निस्कन्छ ।

(८) शक १७६८

ज्येष्टकृष्ण

० १०।२९ कृ १।२२ चं ३३।४८

(पात्रोवाट)

यहाँ ज्येष्ठकृष्ण औँसी १० घडी २९ पलासम्म छ । त्यसउप्रान्त ज्येष्ठशुक्ल प्रतिपद् लाग्छ । कृत्तिका १ घडी २२ पलासम्म छ । त्यसउप्रान्त रोहिणी लाग्छ ।

यस कारण शाके १७६८ (वि. सं. १९०३) ज्येष्ठशुक्ल प्रतिपद्मा रोहिणीनक्षत्र सोमवार अभिजित्मुहूर्त परेको देखिन्छ ।

यहाँ वि. सं. १९०३ मा ज्येष्ठशुक्ल प्रतिपद्मा रोहिणीनक्षत्र सोमवार अभिजित्मुहूर्त परेका छन् । यस कारण मानदेवले चाँगुमा अभिलेख राखेको दिनका महीना, पक्ष, तिथि, वार, नक्षत्र, मुहूर्त यी सबै कुरा वि. सं. १९०३ मा ट्वाक्क मिल्न आए । यस कारण वि. सं. १९०३ मा चाँगुमा मानदेवले अभिलेख राखेका हुन् भन्ने सिद्ध हुन्छ । मानदेवले चाँगुमा अभिलेख राख्दा संवत् ३८६ थियो भनी त्यहीँ लेखिएको छ । १९०३ बाट ३८६ घटाउँदा १५१७ बाँकी रहन्छ । यस कारण वि. सं. १५१७ देखि लिच्छविसंवत् उठेको हो भन्ने निष्कर्ष निस्कन्छ ।

(९) श्रीशाके १७८२ श्रीसम्वत् १९१७

ज्येष्टशुक्लः

१ ४६।२३ रो ५६।२४ चं

(पात्रोवाट)

यस कारण वि. सं. १९१७ ज्येष्ठशुक्ल प्रतिपद्मा रोहिणीनक्षत्र सोमवार अभिजित्-मुहूर्त परेको देखिन्छ ।

यहाँ वि. सं. १९१७ मा ज्येष्ठशुक्ल प्रतिपद्मा रोहिणीनक्षत्र सोमवार अभिजित्मुहूर्त परेका छन् । यस कारण मानदेवले चाँगुमा अभिलेख राखेको दिनका महीना, पक्ष, तिथि, वार, नक्षत्र, मुहूर्त यी सबै कुरा वि. सं. १९१७ मा ट्वाक्क मिल्न आए । यस कारण वि. सं. १९१७ मा चाँगुमा मानदेवले अभिलेख राखेका हुन् भन्ने सिद्ध हुन्छ । मानदेवले चाँगुमा अभिलेख राख्दा संवत् ३८६ थियो भनी त्यहीँ लेखिएको छ । १९१७ बाट ३८६ घटाउँदा १५३१ बाँकी रहन्छ । यस कारण वि. सं. १५३१ देखि लिच्छविसंवत् उठेको हो भन्ने निष्कर्ष निस्कन्छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

(१०) स्वस्ति श्रीशाके १७८५ संवत् १९२०

ज्येष्टशुक्लः दि ३३।३०

१ ४३।२३ कृ ७।१४ चं

(पात्रोबाट)

यहाँ कृत्तिका ७ घडी १४ पलासम्म छ । त्यसउप्रान्त रोहिणी लाग्छ ।

यस कारण वि. सं. १९२० ज्येष्ठशुक्ल प्रतिपद्मा रोहिणीनक्षत्र सोमवार अभिजित्मुहूर्त परेको देखिन्छ ।

यहाँ वि. सं. १९२० मा ज्येष्ठशुक्ल प्रतिपद्मा रोहिणीनक्षत्र सोमवार अभिजित्मुहूर्त परेका छन् । यस कारण मानदेवले चाँगुमा अभिलेख राखेको दिनका महीना, पक्ष, तिथि, वार, नक्षत्र, मुहूर्त यी सबै कुरा वि सं. १९२० मा ट्वाक्क मिल्न आए । यस कारण वि. सं. १९२० मा चाँगुमा मानदेवले अभिलेख राखेका हुन् भन्ने सिद्ध हुन्छ । मानदेवले चाँगुमा अभिलेख राख्दा संवत् ३८६ थियो भनी त्यहीँ लेखिएको छ । १९२० बाट ३८६ घटाउँदा १५३४ बाँकी रहन्छ । यस कारण वि. सं. १५३४ देखि लिच्छविसंवत् उठेको हो भन्ने निष्कर्ष निस्कन्छ ।

(११) वैक्रम वेदवेदाङ्केन्दुमित वर्षस्य

ज्येष्ठशुक्लः ४४ सा.

३३।४६ १ चं ५९।२८ कृ १।३६

(पं. जीवनाथको छापा पात्रोबाट)

यहाँ कृत्तिका १ घडी ३६ पलासम्म छ । त्यसउप्रान्त रोहिणी लाग्छ ।

यस कारण वि. सं. १९४४ ज्येष्ठशुक्ल प्रतिपद्मा रोहिणीनक्षत्र सोमवार अभिजित्मुहूर्त परेको देखिन्छ ।

यहाँ वि. सं. १९४४ मा ज्येष्ठशुक्ल प्रतिपद्मा रोहिणीनक्षत्र सोमवार अभिजित्मुहूर्त परेका छन् । यस कारण मानदेवले चाँगुमा अभिलेख राखेको दिनका महीना, पक्ष, तिथि, वार, नक्षत्र, मुहूर्त यी सबै कुरा वि. सं. १९४४ मा ट्वाक्क मिल्न आए । यस कारण वि. सं. १९४४ मा चाँगुमा मानदेवले अभिलेख राखेका हुन् भन्ने सिद्ध हुन्छ । मानदेवले चाँगुमा अभिलेख राख्दा संवत् ३८६ थियो भनी त्यहीँ लेखिएको छ । १९४४ बाट ३८६ घटाउँदा १५५८ बाँकी रहन्छ । यस कारण वि. सं. १५५८ देखि लिच्छविसंवत् उठेको हो भन्ने निष्कर्ष निस्कन्छ ।

(१२) श्रीशाकेसंवत् १८१२ विक्रमाब्द १९४७

ज्येष्टशुक्लः

३३।३५ १ ५१।३० कृ ११।४ चं

(पात्रोबाट)

CC-0. Nepal Sanskrit Academy, Kathmandu

यहाँ कृत्तिका ११ घडी ४ पलासम्म छ। त्यसउप्रान्त रोहिणी लाग्छ।

यस कारण वि. सं. १९४७ ज्येष्ठशुक्ल प्रतिपद्मा रोहिणीनक्षत्र सोमवार अभिजित्मुहूर्त परेको देखिन्छ।

यहाँ वि. सं. १९४७ मा ज्येष्ठशुक्ल प्रतिपद्मा रोहिणीनक्षत्र सोमवार अभिजित्मुहूर्त परेका छन्। यस कारण मानदेवले चाँगुमा अभिलेख राखेको दिनका महीना, पक्ष, तिथि, वार, नक्षत्र, मुहूर्त यी सबै कुरा वि. सं. १९४७ मा ट्वाक्क मिल्न आए। यस कारण वि सं. १९४७ मा चाँगुमा मानदेवले अभिलेख राखेका हुन् भन्ने सिद्ध हुन्छ। मानदेवले चाँगुमा अभिलेख राख्दा संवत् ३८६ थियो भनी त्यहीँ लेखिएको छ। १९४७ वाट ३८६ घटाउँदा १५६१ वाँकी रहन्छ। यस कारण वि. सं. १५६१ देखि लिच्छविसंवत् उठेको हो भन्ने निष्कर्ष निस्कन्छ।

(१३) ज्येष्टकृष्णपक्षः ।। सं १९७१ शा १८३६
चं ३० ५।३६ कृ ३।३६

(पात्रोवाट)

यहाँ ज्येष्ठकृष्ण औँसी ५ घडी ३६ पलासम्म छ। त्यसउप्रान्त ज्येष्ठशुक्ल प्रतिपद् लाग्छ। कृत्तिका ३ घडी ३६ पलासम्म छ। त्यसउप्रान्त रोहिणी लाग्छ।

यस कारण वि. सं १९७१ ज्येष्ठशुक्ल प्रतिपद्मा रोहिणीनक्षत्र सोमवार अभिजित्मुहूर्त परेको देखिन्छ।

यहाँ वि. सं. १९७१ मा ज्येष्ठशुक्ल प्रतिपद्मा रोहिणीनक्षत्र सोमवार अभिजित्मुहूर्त परेका छन्। यस कारण मानदेवले चाँगुमा अभिलेख राखेको दिनका महीना, पक्ष, तिथि, वार, नक्षत्र, मुहूर्त यी सबै कुरा वि. सं. १९७१ मा ट्वाक्क मिल्न आए। यस कारण वि. सं. १९७१ मा चाँगुमा मानदेवले अभिलेख राखेका हुन् भन्ने सिद्ध हुन्छ। मानदेवले चाँगुमा अभिलेख राख्दा संवत् ३८६ थियो भनी त्यहीँ लेखिएको छ। १९७१ वाट ३८६ घटाउँदा १५८५ वाँकी रहन्छ। यस कारण वि. सं. १५८५ देखि लिच्छविसंवत् उठेको हो भन्ने निष्कष निस्कन्छ।

१ संवत् १९८८ ज्येष्ठशुक्लः
सो १ ३८।१७ कृ ११।२ ३३।३०

(पं. तोयनाथ पन्तका छोराको छापा पात्रोवाट)

यहाँ कृत्तिका ११ घडी २ पलासम्म छ। त्यसउप्रान्त रोहिणी लाग्छ।

यस कारण वि. सं. १९८८ ज्येष्ठशुक्ल प्रतिपद्मा रोहिणीनक्षत्र सोमवार अभिजित्मुहूर्त परेको देखिन्छ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

यहाँ वि. सं. १९८८ मा ज्येष्ठशुक्ल प्रतिपद्मा रोहिणीनक्षत्र सोमवार अभिजित्मुहूर्त परेका छन् । यस कारण मानदेवले चाँगुमा अभिलेख राखेको दिनका महीना, पक्ष तिथि, वार, नक्षत्र, मुहूर्त यी सबै कुरा वि. सं. १९८८ मा ट्वाक्क मिल्न आए । यस कारण वि. सं. १९८८ मा चाँगुमा मानदेवले अभिलेख राखेका हुन् भन्ने सिद्ध हुन्छ । मानदेवले चाँगुमा अभिलेख राख्दा संवत् ३८६ थियो भनी त्यहीँ लेखिएका छ । १९८८ बाट ३८६ घटाउँदा १६०२ बाँकी रहन्छ । यस कारण वि. सं. १६०२ देखि लिच्छविसंवत् उठेको हो भन्ने निष्कर्ष निस्कन्छ ।

(१५) **श्रीशाके १८८० वि. संवत् २०१५ ज्येष्ठशुक्लः**

सो. १ ४८।३२ कृ. १५।६ ३३।३९

(पं. सत्यनाथ पन्तको छापा पात्रोबाट)

यहाँ कृत्तिका १५ घडी ६ पलासम्म छ । त्यसउप्रान्त रोहिणी लाग्छ ।

यस कारण वि. सं. २०१५ ज्येष्ठशुक्ल प्रतिपद्मा रोहिणीनक्षत्र सोमवार अभिजित्मुहूर्त परेको देखिन्छ ।

यहाँ वि. सं. २०१५ मा ज्येष्ठशुक्ल प्रतिपद्मा रोहिणीनक्षत्र सोमवार अभिजित्मुहूर्त परेका छन् । यस कारण मानदेवले चाँगुमा अभिलेख राखेको दिनका महीना, पक्ष, तिथि, वार, नक्षत्र, मुहूर्त यी सबै कुरा वि. सं. २०१५ मा ट्वाक्क मिल्न आए । यस कारण वि. सं. २०१५ मा चाँगुमा मानदेवले अभिलेख राखेका हुन् भन्ने सिद्ध हुन्छ । मानदेवले चाँगुमा अभिलेख राख्ता सवत् ३८६ थियो भनी त्यहीँ लेखिएको छ । २०१५ बाट ३८६ घटाउँदा १६२९ बाँकी रहन्छ । यस कारण वि. सं. १६२९ देखि लिच्छविसंवत् उठेको हो भन्ने निष्कर्ष निस्कन्छ ।

अभिजित्मुहूर्त प्रत्येक दिन पर्छ । ज्येष्ठशुक्ल प्रतिपद्मा रोहिणीनक्षत्र पनि प्रायः परिरहन्छ । बाँकी रह्या सोमवारको कुरो । त्यो पनि वि. सं. १७९२ देखि वि. सं. २०१५ सम्म (२०१५–१७९२ = २२३) अर्थात् २२३ वर्षमा १५ पल्ट परेको देखियो । बीचका घेरै पञ्चाङ्ग छुटेका छन् । तैपनि १५ वर्षमा १ पल्ट पर्ने अर्थात् १०० वर्षमा ६, ७ पटक पर्ने देखियो ।

यस कारण चाँगुमा मानदेवले अभिलेख राखेको दिनका महीना, पक्ष, तिथि, वार, नक्षत्र, मुहूर्त मिलेका हुनाले ३८६–२२= ३६४ शाके अर्थात् वि. सं. ४९९ हो भनी शङ्करमानले जो भने, त्यसमा उनीसँग हामी सोध्छौँ, महीना, पक्ष, तिथि, वार, नक्षत्र, मुहूर्त मिलेको जुन वर्ष तिमीले दियौ, त्यही वर्ष मात्रै प्रामाणिक हो, अरू वर्ष प्रामाणिक होइनन् भन्ने तिमीसँग के प्रमाण छ ?

CC-0. Nepal Sanskrit Academy, Kathmandu

अर्को कुरा

एकत्रिंशत्तमे वर्षे वर्त्तमाने स्वसंस्थया
माघशुक्लत्रयोदश्याम्पुष्येण सवितुर्दिने

(चाँगुको अंशुवर्माको अभिलेख)

[संवत् ३१ माघशुक्ल त्रयोदशी तिष्यनक्षत्र आइतवार]

(यही अङ्कको १०४ पृ.)

वि. सं. ६३३ देखि नेपालमा नयाँ संवत् चलेको थियो भन्ने सूचना पाइएकोले यस अभिलेखको गणना गर्न आधार पाइयो। सोबमोजिम गणना गर्दा ट्वाक्क मिल्यो[३]।

वि. सं. ६३३ देखि नेपालमा नयाँ संवत् चलेको थियो भन्ने सूचना नपाइएको भए अव्यवस्था हुन्थ्यो। जस्तै–

(१) **श्रीशाकः १७३७ श्रीसंवत् १८७२**
माघशुक्लः
१३ र ३८।४९ पु २३।१६

(पात्रोबाट)

यहाँ पुनर्वसु २३ घडी १६ पलासम्म छ। त्यसउप्रान्त तिष्य लाग्छ।

यस कारण वि. सं. १८७२ मा माघशुक्ल त्रयोदशीमा तिष्यनक्षत्र आइतवार परेको देखियो।

१८७२–३१=१८४१ हुन्छ। यस कारण बि. सं. १८४१ देखि अंशुवर्मसंवत् उठेको हो भन्ने निष्कर्ष निस्कन्छ।

(२) **स्वस्ति श्रीसम्वत् १८९९ शाके १७६४**
माघशुदि
१३ ५६।३१ पु. ३४।४६ र

(पात्रोबाट)

यहाँ पुनर्वसु ३४ घडी ४६ पलासम्म छ। त्यसउप्रान्त तिष्य लाग्छ।

यस कारण वि. सं. १८९९ मा माघशुक्ल त्रयोदशीमा तिष्यनक्षत्र आइतवार परेको देखियो।

---

३. यही अङ्कमा छापिएको अंशुवर्माहरूले व्यवहार गरेको संवत् वि. सं. ६३३ देखि उठेको हो भन्ने सकार्दा अभिलेखका सबै मिति ट्वाक्क मिल्छन् भन्ने निबन्ध (यस अङ्कका १०४–१११ पृष्ठ)

CC-0. Nepal Sanskrit Academy, Kathmandu

१८९९–३१=१८६८ हुन्छ । यस कारण वि. सं. १८६८ देखि अंशुवर्मसंवत् उठेको हो भन्ने निष्कर्ष निस्कन्छ ।

(३) १९५० १८१५

माघशुक्लः

१३ १४।२६ ति २७।५१ र

(पात्रोबाट)

यस कारण वि. सं. १९५० मा माघशुक्ल त्रयोदशीमा तिष्यनक्षत्र आइतवार परेको देखियो ।

१९५०–३१=१९१९ हुन्छ । यस कारण वि. सं. १९१९ देखि अंशुवर्मसंवत् उठेको हो भन्ने निष्कर्ष निस्कन्छ ।

(४) संवत् १९७७ माघशुक्लः

आ १३ ३३।३८ ति ४१।२०

(पं. तोयनाथ पन्तका चेलाको छापा पात्रोबाट)

यस कारण वि. सं. १९७७ मा माघशुक्ल त्रयोदशीमा तिष्यनक्षत्र आइतवार परेको देखियो ।

१९७७–३१=१९४६ हुन्छ । यस कारण वि. सं. १९४६ देखि अंशुवर्मसंवत् उठेको हो भन्ने निष्कर्ष निस्कन्छ ।

(५) श्रीसंवत् २००४ माघशुक्लः

आ. १३ ५३।३८ ति. ५५।४४

(पं. देवीप्रसाद भण्डारीको छापा पात्रोबाट)

यस कारण वि. सं. २००४ मा माघशुक्ल त्रयोदशीमा तिष्यनक्षत्र आइतवार परेको देखियो ।

२००४–३१=१९७३ हुन्छ । यस कारण वि. सं. १९७३ देखि अंशुवर्मसंवत् उठेको हो भन्ने निष्कर्ष निस्कन्छ ।

(६) श्रीसंवत् २०३१ श्रीशाके १८९६ माघशुक्लपक्षः

आ. १२ १८।४५ पु. १३।२५

(पं. नरनाथ पाँडेको छापा पात्रोबाट)

यहाँ द्वादशी १८ घडी ४५ पलासम्म छ । त्यसउप्रान्त त्रयोदशी लाग्छ । पुनर्वसु १३ घडी २५ पलासम्म छ । त्यसउप्रान्त तिष्य लाग्छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

यस कारण वि. सं. २०३१ मा माघशुक्ल त्रयोदशीमा तिष्यनक्षत्र आइतवार परेको देखियो ।

२०३१–३१=२००० हुन्छ । यस कारण वि. सं. २००० देखि अंशुवर्मसंवत् उठेको हो भन्ने निष्कर्ष निस्कन्छ ।

(यहाँ उपयोग गरिएका पुराना पात्रा लक्ष्मीपतिसङ्ग्रहका हुन् । नयाँ पात्राचाहिँ मेरो सङ्ग्रहका हुन् ।)

ऋषिवचनलाई पनि काट्न सक्ने सामर्थ्य शङ्करमान राजवंशीको वचनमा छ भन्ने नसकारेसम्म उनको लिच्छविसंवत्को निष्कर्ष प्रामाणिक ठहर्न सक्तैन

—नयराज पन्त

शङ्करमान राजवंशीको गणनाअनुसार अंशुवर्माहरूले व्यवहार गरेको संवत् शकसंवत् ४७४ (वि. सं. ६०९) देखि चलेको हो (*लिच्छविसंवतको निष्कर्षको १७-पृ.*) । यस कारण उनको विचारअनुसार भक्तपुर इनायचोको संवत् ३१ को अभिलेखको समय शकसंवत् ५०५–५०६ हुन आउँछ तथा पाटन सुनधाराको संवत् ३४ को अभिलेखको समय शकसंवत् ५०८–५०९ हुन आउँछ ।

वेङ्कटेश केतकरको अधिमासक्षयमाससारणीमा शकसंवत् ५०५ मा भाद्रमा अधिमास छ तथा शकसंवत् ५०८ मा श्रावणमा अधिमास छ ।

चैत्रादिभाद्रपदान्तानि यदा सङ्क्रम टचुटचते ।
आषाढमासवृद्धिः स्यान्नारदस्य वचो यथा ।।
अश्विन्यादिफाल्गुणान्तानि यदा सङ्क्रम त्रुटचते ।
पौषमासा निवर्द्धन्ते मासवृद्धि विधीयते ।।
ननु इति कथमयनमेव मासवृद्धिः ।।
कर्कटे सिंहकन्यायां तुलाकीटधनुर्द्धरे ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

भानो सङ्क्रमणे नष्टे द्विराषाढो विधीयते ।।
मृगकुम्भधरे मीने क्रियगोनृयुगे तथा ।
अवर्कसङ्क्रमणे नष्टे द्विपौषं कुरुते बुधः ।।
अधिमासा यदा नष्टा रयणे द्वे सुचिन्तयेत् ।
द्विराषादो द्विपौषश्च भारद्वाजस्य वचनं यथा ।।

[वीरपुस्तकालय पहिलो १६३४ सङ्ख्याको ताडपत्रमा लेखिएको *धर्मनिर्णयतिथिसारसङ्ग्रह*का २१ ख–२२ क पत्र । वि. सं. २०१५ मा रोमबाट इसृतित्युतो इतालिआनो पर् इल् मेदिओ इद् इस्त्रेमो ओरियन्त् (मध्य र सुदूर पूर्वसम्बन्धी इटालीको विद्वत्संस्था) द्वारा प्रकाशित श्रीलूच्यानो पेतेकको *मेडिईभल् हिस्टरि अफ् नेपाल्* (नेपालको मध्यकालको इतिहास) का १७–१८ पृष्ठमा यी वाक्य सर्वप्रथम छापिएका हुन् । पछि यी वाक्य शङ्करमान राजवंशीले पनि छपाएका छन् ।]

यताबाट

नारदको मतअनुसार

चैत्र, वैशाख, ज्येष्ठ, आषाढ, श्रावण, भाद्रमा अधिमास परे सो अधिमास आषाढमा मानिने

आश्विन, कार्तिक, मार्ग, पौष, माघ, फाल्गुनमा अधिमास परे सो अधिमास पौषमा मानिने

भारद्वाजको मतअनुसार

श्रावण, भाद्र, आश्विन, कार्तिक, मार्ग, पौषमा अधिमास परे सो अधिमास आषाढमा मानिने

माघ, फाल्गुन, चैत्र, वैशाख, ज्येठ, आषाढमा अधिमास परे सो अधिमास पौषमा मानिने

देखिन्छ ।

यताबाट संवत् ३१ (शकसंवत् ५०५) मा भाद्रमा परेको अधिमास नारद र भारद्वाज दुवैको मतअनुसार आषाढमा पर्ने भयो । यसै गरी संवत् ३४ (शकसंवत् ५०८) मा श्रावणमा परेको अधिमास पनि नारद र भारद्वाज दुवैको मतअनुसार आषाढमा पर्ने भयो । परन्तु अभिलेखमा संवत् ३१ मा र संवत् ३४ मा पौषमा अधिमास छन् ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

यस कारण शकसंवत् ४७४ (वि. सं. ६०६) देखि अंशुवर्माहरूले व्यवहार गरेको संवत् चलेको हो भनी शङ्करमानले मानेको कुरा नारद र भारद्वाजका वचनअनुसार मिल्दैन । नारद र भारद्वाज ऋषि भनी प्रख्यात छन् । यी दुवै ऋषिवचनलाई पनि काट्न सक्ने सामर्थ्य शङ्करमानको वचनमा छ भन्ने कुरा स्वीकार नगरेसम्म शङ्करमानले निकालेको *लिच्छविसंवत्को निष्कर्षको* प्रामाण्य मान्न सकिँदैन ।

वि. सं. ६३३ देखि उठेको संवत् नै अंशुवर्माहरूले व्यवहार गरेको संवत् हो भनी सकारेमा ती दुवै अधिमास् भारद्वाजको मतअनुसार मिल्छन्[1] ।

—◇—

अभिलेखमा पाइएका तिथि बारहरूबाट त्यस अभिलेखमा रहेको संवत्को निर्णय विद्वान्हरू कस्तो ठाउँमा गर्छन्

—नयराज पन्त

सहायक —महेशराज पन्त

यस्योपस्थानभूमिर्नृपतिशतशिरःपातवातावधूता
गुप्तानां वंशजस्य प्रविसृतयशसस्तस्य सर्वोत्तमर्द्धेः ।
राज्ये शक्रोपमस्य क्षितिपशतपतेः स्कन्दगुप्तस्य शान्ते
वर्षे त्रिंशद्दशैकोत्तरकशततमे ज्येष्ठमासि प्रपन्ने ।। ...

(गोरखपुर कहावममा रहेको स्कन्दगुप्तको पालाको अभिलेखबाट)

[जसको (स्कन्दगुप्तको) सलामी दिने ठाउँ सयौँ राजाले टाउको नुहाउँदा चलेको हावाले बढारिन्छ । कीर्ति फैलिएका, घेरै असल ऐश्वर्य भएका, इन्द्र जस्ता उहाँ महाराजाधिराज स्कन्दगुप्तको शान्ति भएको राज्यमा । संवत् १४१ ज्येष्ठ महीनामा]

(वि. सं. २०१६ मा ललितपुरबाट जगदम्बा-प्रकाशनद्वारा प्रकाशित धनवज्र वज्राचार्य, रामजी तेवारी, देवीप्रसाद भण्डारी, भोलानाथ पौडेल, शङ्करमान राजवंशी, गौतमवज्र वज्राचार्य,

१. यही अङ्कका १०१-१०४ पृ.

CC-0. Nepal Sanskrit Academy, Kathmandu

महेशराज पन्त, नयनाथ पौडेलको *इतिहास-संशोधनको प्रमाण-प्रमेयको* मूल भागको २०६ पृष्ठबाट)

यहाँ संवत् १४१ मा गुप्तसम्राट् स्कन्दगुप्तले राज्य गरिरहेका छन् भन्ने लेखिएको छ। यो संवत् कुन संवत् हो भन्ने प्रश्न उठ्नु स्वाभाविक थियो। यसै गरी गुप्तसम्राट्हरूका अनेकन् अभिलेखहरूका संवत्को निर्णय गर्नु पुरातत्त्वविषयका विद्वान्हरूको लागि एक प्रश्न हुन गयो।

> शकसंवत्को आरम्भ भएको २४१ वर्षपछि वलभसंवत्को आरम्भ भएको हो। ६ को घन तथा ५ को वर्गलाई जोडी योगफललाई शकसंवत्बाट घटाई वलभसंवत् ल्याउँछन्। वलभसंवत्को जस्तै गुप्तसंवत्को आरम्भ पनि शकसंवत् आरम्भ भएको २४१ वर्षपछि भएको हो। विक्रमसंवत् १०८८ हुँदा शकसंवत् ९५३ हुन्छ, वलभ-संवत् ७१२ हुन्छ, गुप्तसंवत् पनि यति नै हुन्छ।

(*अलवेरुनीको भारतवर्णनबाट। इतिहास-संशोधनको प्रमाण-प्रमेयको* मूल भागको ६८ पृष्ठबाट)

अरबी विद्वान् अलवेरुनी (वि. सं. १०३०-११०५) को भारतवर्णनमा यस्तो वाक्य पाइएकोले वि. सं. ३७६ देखि गुप्तसंवत् चलेको हो भन्ने विषयको सूचना पाइयो। तर अलवेरुनीको वाक्यको प्रामाणिकता सिद्ध गर्न भने बाँकी नै रह्यो।

> शते पञ्चषष्ट्यधिके वर्षाणां भूपतौ च बुधगुप्ते।
> आषाढमासशुक्लद्वादश्यां सुरगुरोर्दिवसे॥

(मध्यभारत इरणमा रहेको बुधगुप्तको पालाको अभिलेखबाट)

[संवत् १६५ आषाढ महीनाको शुक्लपक्षको द्वादशी बृहस्पतिवारको दिन]

(*इतिहास-संशोधनको प्रमाण-प्रमेयको* मूल भागको २०५ पृष्ठबाट)

गुप्तसम्राट् बुधगुप्तको पालाको यस अभिलेखमा संवत् महीना पक्ष र तिथि मात्र नदिई वारसमेत दिइएकाले यस तिथिमितिको गणना गर्न सकिने भयो र वि. सं. ३७६ देखि गुप्तसंवत् चलेको हो भन्ने अलवेरुनीको वाक्यलाई आधार मानी यस तिथिमितिको गणना गर्दा ट्वाक्क मिल्यो-

गुप्तसंवत् १६५ (वि. सं. ५४१ शकसंवत् ४०६) आषाढशुक्लपक्ष

वार	तिथि	घडी	पला
बृहस्पति	द्वादशी	५३।	२८

(*इतिहास-संशोधनको प्रमाण-प्रमेयको* मूल भागको ३४७ पृष्ठबाट। वि. सं. १९९४ मा

CC-0. Nepal Sanskrit Academy, Kathmandu

बीजापुरबाट दत्तात्रेय केतकरद्वारा प्रकाशित वेङ्कटेश केतकरको *ज्योतिर्गणित*को दोस्रो संस्करणका २३-२४ पृष्ठमा यस तिथिमितिको विस्तृत गणना दिइएको छ ।)

यस कारण शकसंवत् २४१ (वि. सं. ३७६) देखि गुप्तसंवत् उठेको रहेछ भन्ने निश्चय भयो र स्कन्दगुप्तको माथिको अभिलेख १४१+३७६=५१७ वि. सं. को रहेछ भन्ने निश्चय भयो ।

गुप्तसंवत्को निर्णयको विषयमा यस्तै किसिमका अरू प्रमाण पनि पाइएका छन् । तिनको राम्रो विवेचना वि. सं. १९८४ मा पूनाबाट भाण्डारकरप्राच्यविद्यासंशोधनमन्दिरद्वारा प्रकाशित नारायण बापूजी उत्गीकरद्वारा सम्पादित *कलेक्ट्इड् वर्क्स् अफ् सर् आर्. जी. भाण्डार्कर् भोल्. ३* (सर रामकृष्ण गोपाल भाण्डारकरका लेखहरूको सङ्ग्रहको तेस्रो भाग) का ३८४-४०५ पृष्ठमा छापिएको *दि इपोक् अफ् द गुप्त एर्अ* (गुप्तसंवत्को प्रारम्भवर्ष) भन्ने निबन्धमा गरिएको छ ।

आषाढशुक्ल द्वादशीको दिन बृहस्पतिवार जुन वर्ष परेको थियो, त्यही वर्ष गुप्तसंवत् १६५ भएको रहेछ भन्ने गणनामा विद्वान्हरू लागेका भए, बहुरूपता आई निर्णय हुन सक्तैनथ्यो ।

वि. सं. ६३३ देखि नेपालमा नयाँ संवत् चल्यो भन्ने कुरा *सुमतितन्त्र* पाइएदेखि अर्थात् श्री ३ भीमशमशेर चीफसाहेब हुँदैदेखि वि. सं. १९८६ भन्दा अघि नै चल्न थालेको हो । अंशुवर्माहरूले व्यवहार गरेको संवत् यही हो भन्ने कुराको चर्चा पनि त्यसै वेलादेखि चलेको हो । त्यसलाई सिद्ध गर्ने हेतुचाहिँ पाइएको थिएन । केही वर्षअघि पाइएको चाँगुको अंशुवर्माको संवत् ३१ को अभिलेखमा तिथिमिति दिँदा वार नक्षत्रसमेत दिइएकाले र केही वर्षअघि पाइएको भक्तपुर इनायचोको संवत् ३१ को अभिलेखबाट सो वर्ष पौषमा अधिमास परेकोसमेत थाहा पाइएकोले गणना गर्ने आधार मिल्न गयो । यसैले वि. सं. ६३३ देखि नयाँ संवत् चल्यो भन्ने *सुमतितन्त्र*को वाक्यलाई आधार मानी संवत् ३१ माघशुक्ल त्रयोदशी पुष्यनक्षत्र आदित्यवारको चाँगुको सो अभिलेखको तिथिमितिको गणना गर्दा गणना टुवाक्क मिल्न आएकोले सो संवत् वि. सं. ६३३ देखि उठेको रहेछ भन्ने निश्चय हुन गयो । यसलाई सिद्ध गर्ने अरू अरू प्रमाण पनि पाइएका छन् ।

भक्तपुर इनायचोको अभिलेखको संवत् ३१ पौषको अधिमास र पाटन सुनधाराको अभिलेखको संवत् ३४ पौषको अधिमास पनि *सुमतितन्त्र*ले बताएअनुसार वि. सं. ६३३ देखि उठेको संवत् नै ती अभिलेखका संवत् हुन् भनी मान्दा ती अधिमास क्रमैले वि. सं. ६६४ को पौषमा र वि. सं. ६६७ को पौषमा पर्न जान्छन् । अनन्तलिङ्गेश्वरमा रहेको नरेन्द्रदेवको अभिलेखबाट अंशुवर्माहरूले व्यवहार गरेको संवत् कार्तिकादि हो भन्ने सिद्ध हुन्छ । *धर्मनिर्णयतिथिसारसङ्ग्रह*को अधिमासपद्धति तथा वेङ्कटेश केतकरले प्रकाश गरेको अधिमासक्षयमाससारणी हेर्दा ती अधिमास वि. सं. ६६४ र ६६७ का पौषमा परेका देखिए ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

यस कारण यताबाट पनि वि. सं. ६३३ देखि नयाँ संवत् चल्यो भन्ने कुरालाई टेवा मिल्न गयो ।

केसरपुस्तकालय ६९९ सङ्ख्यामा रहेको *सहोत्तरा सौश्रुती संहिता* सारिसिद्धिएको दिनको संवत् पनि *सुमतितन्त्रले* बताएअनुसारको वि. सं. ६३३ देखि उठेको संवत् नै हो र सो संवत् अनन्तलिङ्गेश्वरमा रहेको नरेन्द्रदेवको अभिलेखबाट थाहा पाइएअनुसार कार्तिकादि हो भनी मानेर त्यहाँ दिइएका तिथि वार नक्षत्र योगको गणना गर्दा गणना ट्वाक्क मिल्न आयो । यी सबै कुरा *पूर्णिमाको* यही अङ्कमा छापिएको *अंशुवर्माहरूले व्यवहार गरेको संवत् वि. सं. ६३३ देखि उठेको हो भनी सकार्दा अभिलेखका सबै मिति ट्वाक्क मिल्छन्* भन्ने निबन्धमा खुलाएर लेखिएका छन् । तर *लिच्छविसंवत्को निष्कर्षका* रचयिता शङ्करमान राजवंशीले गणना गर्न राम्रो नजानेकाले उनले गणना मिलाउन सकेनन् र नाच्न नजान्ने आँगन टेढो भने जस्तै उनी वि. सं. ६३३ देखि नयाँ संवत् चल्यो भनी मान्दा गणना मिल्दैन भनी कच्चा निष्कर्ष निकाल्न पुगेका हुन् ।

वि. सं. ६३३ देखि नयाँ संवत् चल्यो भन्ने कुराको सम्झना वि. सं. १७१२ सम्म पनि रहेको कुरा यही अङ्कमा छापिएको *वि. सं. ६३३ देखि नेपालमा नयाँ संवत् चलेको थियो भन्ने कुराका प्रमाण नेपालमा र भोटमा गरी जम्मा ४ वटा पाइएका छन्* भन्ने निबन्धबाट स्पष्ट हुन्छ । यहाँ मात्र होइन, भोटमा पनि वि. सं. ६३३ देखि नेपालमा नयाँ संवत् चल्यो भन्ने परम्परा रहिआएको कुरा श्रीलूच्यानो पेतेकको अन्वेषणबाट थाहा हुन गएको छ । यस कुराको चर्चा पनि पूर्वोक्त निबन्धमा हामीले गरेका छौँ ।

तर शङ्करमानले यी कुरालाई प्रमाण नमानी खालि तिथि वार नक्षत्रको आधारमा शकसंवत् ४७४ (वि. सं. ६०९) देखि अंशुवर्मसंवत् चल्यो भनी सिद्ध गर्ने प्रयत्न गरेका छन् । तर वि. सं. ६०९ देखि नयाँ संवत् चल्यो भन्ने कुराको कुनै प्रमाण नपाइएकोले र उनले निश्चित गरेको संवत्अनुसार अधिमासको गणना पनि नमिलेकाले उनको कुरा स्वतः अप्रामाणिक ठहरिन जान्छ । शकसंवत्को प्रारम्भभन्दा २२ वर्ष अगाडिदेखि अर्थात् वि. सं. ११३ देखि लिच्छविसंवत् चल्यो भनी शङ्करमानले जुन लेखेका छन्, त्यो पनि वि. सं. ६०९ देखि अंशुवर्मसंवत् चल्यो भनी उनले लेखेको कुरा जस्तै निराधार छ । किनभने वि. सं. ६०९ देखि अंशुवर्मसंवत् चल्यो भन्ने कुराको कुनै प्रमाण नपाइए जस्तै वि. सं. ११३ देखि लिच्छविसंवत् चल्यो भन्ने कुराको पनि कुनै प्रमाण भेट्टाइएको छैन । मानदेवको चाँगुको स्तम्भलेखमा संवत् ३८६ ज्यैष्ठमासे शुक्लपक्षे प्रतिपदि १ [रो] हिणी नक्षत्रयुक्ते चन्द्र[म]सि मुहूर्त्ते प्रशस्तेभिजिति भनी जसरी समय दिइएको छ, त्यहाँ वारको चर्चा नभएको कुरा स्पष्ट छ । तर शङ्करमानले सो अभिलेखमा वारको चर्चा छ भनी सिद्ध गर्न जो मार्ग लिएका छन्, त्यो मार्ग संस्कृतवाङ्मय नपढेकाले मात्र सकार्न सक्ने मार्ग हो भन्ने कुरा वि. सं. २०३३

CC-0. Nepal Sanskrit Academy, Kathmandu

मा प्रकाशित *पूर्णिमा* ३५ अङ्कमा छापिएको *लिच्छविसंवत्को निष्कर्षको परीक्षा* भन्ने मेरो निबन्धबाट स्पष्ट हुन्छ । अहिले आएर त्यही कुरालाई तानतुन गरेर मिलाउन शङ्करमानले गरेको प्रयासबाट साधारण संस्कृत पनि उनले नजानेको कुरा लोकको अगाडि उदाङ्ग हुन गएको छ । शङ्करमानले माने जस्तै चाँगुको मानदेवको स्तम्भलेखमा वार छ भनी ढिपी गर्ने हो भने त्यही तिथिमिति सय वर्षमा छ सात पटक दोहरिन जाने कुरा *पूर्णिमा*को यही अङ्कमा छापिएको *लिच्छविसंवत्को निष्कर्षका रचयिता शङ्करमान राजवंशीले हाम्रो यस प्रश्नको के उत्तर दिने हुन्* भन्ने निबन्धबाट स्पष्ट हुन जान्छ । यताबाट शङ्करमानले कति फितलो तर्कको आधार लिई लिच्छविसंवत्को निष्कर्ष निकाल्ने जस्तो कठिन काममा उनी लागेका रहेछन् भन्ने स्पष्ट हुन्छ । यसरी मानदेवको अभिलेखमा हुँदै नभएको वारको कल्पना गरी मानदेवको संवत्को निर्णय गर्ने शङ्करमानको तुलना खरायोको सीङको खोजी गरी त्यसको व्यापारको विज्ञापन गर्ने मानिससँग गर्न सकिन्छ ।

सुमतितन्त्रको रचनाकाल

–नयराज पन्त
सहायक–
देवीप्रसाद भण्डारी
दिनेशराज पन्त

*सुमतितन्त्र*को मूल भागको रचना वि. सं. ६३३ भन्दा पछि वि. सं. ९३७ भन्दा[1] पहिलेको कुनै वर्षमा भएको हो भन्ने कुरा यही अङ्कमा छापिएको *वि. सं. ६३३ देखि नेपालमा नयाँ संवत् चलेको थियो भन्ने कुराका प्रमाण नेपालमा र भोटमा गरी जम्मा ४ वटा पाइएका छन* भन्ने निबन्धमा सप्रमाण सिद्ध गरिएको छ ।

---

१. विक्रमसंवत्को प्रारम्भ वैशाखमा हुने र नेपालसंवत्को प्रारम्भ कार्तिकमा हुने भएकोले वास्तवमा वि. सं. ९३७ कार्तिकमा नेपालसंवत्को प्रारम्भ भएको हो । यस कारण वि. सं. ९३७ को वैशाखमा नेपालसंवत् ० हुन्छ । यहाँ गणित गर्न सजिलोको लागि सर्वत्र वि. सं. ९३७ मा नेपालसंवत्को प्रारम्भ भएको हो भनी लेखिएको छ । यस विषयमा विशेष कुरा पछि अर्को निबन्धमा लेखिनेछ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

सुमतितन्त्रमा प्रयोग गरिएको गणनापद्धतिबाट पनि यही कुरो सिद्ध हुन्छ। सो कुरो बुझाउन भूमिकाको रूपमा केही कुरा लेख्नुपरेको छ।

यस वर्ष वि. सं. २०३५ मा चैत्र ८ गते तथा आश्विन ७ गते दिन रात बराबर हुन्छन् अर्थात् १२ घण्टाका रात १२ घण्टाका दिन हुन्छन्। यी दिनलाई क्रमशः सायन-मेषसङ्क्रान्ति र सायनतुलासङ्क्रान्ति भन्छन् तथा विषुवद्दिन पनि भन्छन्।

आषाढ ७ गते सबभन्दा लामो दिन हुन्छ। त्यस दिनलाई सायनकर्कटसङ्क्रान्ति तथा सायनदक्षिणायनसङ्क्रान्ति पनि भन्छन्। पौष ७ गते सबभन्दा छोटो दिन हुन्छ। त्यस दिनलाई सायनमकरसङ्क्रान्ति तथा सायनउत्तरायणसङ्क्रान्ति पनि भन्छन्। यी कुरा पात्रो हेरे थाहा पाइन्छन्। वैशाख १ गते मेषसङ्क्रान्ति हुन्छ। त्यस दिन पात्रोमा विषुवन्नाम्नी मेषसङ्क्रान्ति भनी लेखिएको हुन्छ। कार्तिक १ गते तुलासङ्क्रान्ति हुन्छ। त्यस दिन पात्रोमा विषुवन्नाम्नी तुलासङ्क्रान्ति भनी लेखिएको हुन्छ। श्रावण १ गते कर्कटसङ्क्रान्ति हुन्छ। त्यस दिन पात्रोमा दक्षिणायनप्रवृत्ति भनी लेखिएको हुन्छ। माघ १ गते मकरसङ्क्रान्ति हुन्छ। त्यस दिन पात्रोमा उत्तरायणप्रवृत्ति भनी लेखिएको हुन्छ।

विषुवद्दिन भनेको दिन रात बराबर हुने दिन हो[२]। आजभोलि कसैले वैशाख १ गते तथा कार्तिक १ गते दिन रात बराबर हुन्छन् भनी बोल्यो भने त्यसले उल्लूमा गनिनुपर्छ। त्यसै गरी श्रावण १ गते सबभन्दा लामो दिन हुन्छ तथा माघ १ गते सबभन्दा छोटो दिन हुन्छ भनी बोल्ने मानिस पनि उल्लू नै ठहरिन्छ। परन्तु ती सङ्क्रान्तिका नामबाट त्यही अर्थ निस्कन्छ। यो कुरो भयो अहिले वि. सं. २०३५ को।

केही सय वर्षअगाडि आषाढ १५ गते दिन सबभन्दा लामो हुन्थ्यो, ग्रीष्मको समाप्ति भई वर्षाको प्रारम्भ हुन्थ्यो। यसै कारण हाम्रो यहाँ आषाढ १५ गते रोपाइँको मुख्य दिन जस्तो भएर प्रचलित भएको छ। आजभोलि आषाढ ७ गते ग्रीष्मको समाप्ति र वर्षाको प्रारम्भ भएको प्रत्यक्ष देखिन्छ भनी माथि नै भनियो। यो घटना केही सय वर्ष-अगाडि श्रावण १ गते हुन्थ्यो। पञ्चाङ्गगणनाका लागि बनेका ग्रन्थबाट सोऊँ गणना गर्दा वैशाख १ गते तथा कार्तिक १ गते दिन रात बराबर, श्रावण १ गते सबभन्दा लामो दिन, माघ १ गते सबभन्दा छोटो दिन हुन आउँछ। परन्तु यो कुरो आकाशको घटनासँग मिल्दैन। यस कारण आकाशको घटनासँग प्रत्यक्ष मिलेका सङ्क्रान्तिलाई सायनसङ्क्रान्ति र ग्रन्थबाट सोऊँ गणना गरी ल्याइएका सङ्क्रान्तिलाई निरयणसङ्क्रान्ति भनी ज्योतिषीहरूले

---

२. समरात्रिन्दिवे काले विषुवद् विषुवं च तत्... ॥१४॥

(अमरकोश १।४)

[दिन र रात बराबर भएको समयलाई विषुवद् तथा विषुव भन्छन्।]

CC-0. Nepal Sanskrit Academy, Kathmandu

नाम राखेका छन् । जुन वेला आकाशको घटना र गणनामा अन्तर देखिएको थिएन, त्यस वेला सायनसङ्क्रान्ति र निरयणसङ्क्रान्तिको क्रमेला पनि उठेको थिएन । सायनसङ्क्रान्ति र निरयणसङ्क्रान्तिमा आजभोलि तेइस चौवीस दिनको अन्तर परेको छ । तेइस चौवीस दिन परेको अन्तर थाहा नपाइने हुन सक्तैन । दुइ तीन दिनसम्म अन्तर परे उस्तो पत्ता लाग्दैन । परन्तु पाँच छ दिन अन्तर पर्न थालेपछि यो कुरो लुक्न सक्दैन । यस कारण सायनसङ्क्रान्ति र निरयणसङ्क्रान्तिको जो अन्तर छ, त्यसलाई अयनांशबाट भएको अन्तर भन्छन् । यस कारण कुन ग्रन्थमा कति अयनांश दिइएको छ अथवा अयनांश दिइएको छैन भन्ने कुराको विचार गरी त्यस ग्रन्थको कालनिर्द्धारण हुन्छ । यस कारण *सुमतितन्त्र*मा अयनांश कति छ अथवा छैन भनी पत्ता लाउनुपरेको छ । यसको लागि प्रसिद्ध ज्योतिषी भास्कराचार्यको अयनांशसम्बन्धी वाक्यको उद्धरण पहिले यहाँ गरिन्छ ।

चक्रे १२ चक्रार्धे ६ च व्ययनांशेऽर्कस्य गोलसन्धिः स्यात् ।
एवं त्रि३भे च नव९भेऽयनसन्धिर्व्ययनभागेऽस्य ।।२।।

चक्रे राशिद्वादशके १२ चक्रार्धे राशिषट्के ६ । किंविशिष्टे । व्ययनांशे । अयनांशैर्विरहिते। तत्र किम्। अर्कस्य गोलसन्धिः। तद् यथा। यदा किलैकादश ११ अयनांशास्तदा गोलसन्धिः ११/१९ | ५/१९ यदैतावान् रविर्भवति तदा क्रान्तेरभावाद् गोलसन्धौ वर्तते । विषुवन्मण्डलस्थ इत्यर्थः । एवं त्रिभे राशित्रये नवभे राशिनवके । अयनांशैरूनिते । तत्र किम् । अर्कस्याऽयनसन्धिः २/१९ | ८/१९ यदैतावान् रविस्तदाऽयनसन्धौ वर्तते ।

अत्रोपपत्तिः ।

अत्र किल क्रान्तिमण्डलस्य मेषादेः पश्चिमतोऽयनांशतुल्येऽन्तरे विषुवन्मण्डलेन सह सम्पातः । ... तत्रस्थो रविर्गोलसन्धौ । विषुवन्मण्डले हि याम्योत्तरगोलविभागयोः सन्धिः । एवंतस्मात् सम्पातादग्रतस्त्रिभेऽन्तर उत्तरा परमा क्रान्तिः । तत्रस्थो रविरयनसन्धौ वर्तते । ततो हि दक्षिणगमने प्रवृत्तिः । एवं पृष्ठतोऽपि त्रिभेऽन्तरे परमा याम्या क्रान्तिः । ततश्चोत्तरगमनप्रवृत्तिरित्युपपन्नमत्राऽयनसन्धित्वम् ।

अथ समायां भूमावभीष्टकर्कटकेन वृत्तमालिख्य तच्चक्रकलाङ्कितं ध्रुवविलोकनादिना सम्यग् दिगङ्कितं च कृत्वा दिङ्मध्य ऋजुः सूक्ष्मः कीलकश्च निवेश्यः । प्रातः पश्चिमभागस्थो द्रष्टा करकलितावलम्बकसूत्रेण तेन च

CC-0. Nepal Sanskrit Academy, Kathmandu

कीलकेन प्रत्यहमर्धोदितमादित्यं विद्ध्वा त्रिज्यावृत्तस्य प्राग्विभागे तत्र तत्र चिह्नानि कुर्यात्। एवं विध्यता यस्मिन् दिने सम्यक् प्राच्यां रविरुदितो दृष्टस्तद् विषुवद्दिनम्। तस्मिन् दिने गणितेन स्फुटो रविः कार्यः। तस्य रवेर्मेषादेश्च यदन्तरं तेऽयनांशा ज्ञेयाः। एवमुत्तरगमने सति। दक्षिणे तु तस्याऽर्कस्य तुलादेश्चाऽन्तरमयनांशाः। एवं प्रतिदिनवेधेनोत्तरां परमां काष्ठां प्राप्य यस्मिन् दिने दक्षिणत उच्चलन् दृष्टस्तदयनं दिनम्। ततः प्रभृति दक्षिणगमनम्। तस्मिंश्च दिने गणितेन रविः स्फुटः कार्यः। तस्य त्रिभेण सहाऽन्तरेऽपि तावन्त एवाऽयनांशा भवन्ति। एवं दक्षिणां परमां काष्ठां प्राप्य निवृत्तो दृष्टस्तदुत्तरायणं दिनम्। ततः प्रभृत्युत्तरगमनमित्यर्थः।

(*सिद्धान्तशिरोमणि* पाताधिकार)

[अयनांश घटेका १२ राशि तथा ६ राशि गोलसन्धि हुन्छन्। यसै गरी अयनांश घटेका ३ राशि तथा ९ राशि अयनसन्धि हुन्छन्। जस्तै–

अयनांश ११ भएको वेलामा अयनांश घटेको १२ राशि भनेको ११ राशि १९ अंश हो, अयनांश घटेको ६ राशि भनेको ५ राशि १९ अंश हो। जुन वेला सूर्य ११ राशि १९ अंशमा पुग्छन्, त्यस वेला पहिलो गोलसन्धिमा र जुन वेला सूर्य ५ राशि १९ अंशमा पुग्छन्, त्यस वेला दोस्रो गोलसन्धिमा हुन्छन्। त्यस वेला सूर्यको क्रान्ति शून्य हुन्छ। क्रान्तिवृत्त र विषुवद्वृत्तको सम्पातबिन्दुमा सूर्य हुन्छन्। तिनै दुइ सम्पातबिन्दु गोलसन्धि कहाउँछन्। यसै गरी अयनांश घटेको ३ राशि भनेको २ राशि १९ अंश हो, अयनांश घटेको ९ राशि भनेको ८ राशि १९ अंश हो। जुन वेला सूर्य २ राशि १९ अंशमा पुग्छन्, त्यस वेला पहिलो अयनसन्धिमा र जुन वेला सूर्य ८ राशि १९ अंशमा पुग्छन्, त्यस वेला दोस्रो अयनसन्धिमा हुन्छन्। त्यस वेला सूर्य क्रान्तिवृत्त र अयनप्रोतवृत्तको सम्पातबिन्दुमा हुन्छन्। तिनै दुइ सम्पातबिन्दु अयनसन्धि कहाउँछन्।

यसको उपपत्ति।

क्रान्तिवृत्तको मेषादिदेखि पश्चिमपट्टि अयनांशतुल्य फरकमा क्रान्तिवृत्त र विषुवद्वृत्तको पहिलो सम्पातविन्दु हुन्छ। त्यहाँ पुगेका सूर्य पहिलो गोलसन्धिमा हुन्छन्। विषुवद्वृत्तमा नै याम्योत्तरगोलविभाजनको सन्धि रहन्छ। यसै गरी गोलसन्धिदेखि अगाडि तीन राशिका फरकमा परम उत्तरक्रान्ति हुन्छ। त्यहाँ पुग्दा सूर्य दक्षिणायनसन्धिमा हुन्छन्, अनि त्यतावाट दक्षिणतिर जान थाल्छन्। यसै गरी पहिलो गोलसन्धिदेखि पछाडि तीन राशिका फरकमा परम दक्षिणक्रान्ति हुन्छ। त्यहाँ पुग्दा सूर्य उत्तरायणसन्धिमा हुन्छन्, अनि त्यतावाट उत्तरतिर जान थाल्छन्।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

सम्म मिलेको जग्गामा इष्ट त्रिज्यातुल्य कर्कटकले वृत्त बनाउनू । त्यस वृत्तको परिधिमा ३६० अंश तथा २१६०० कलाको चिनो लाउनू । ध्रुवतारा वेध गरी वा अरू प्रकारले राम्रोसँग पूर्व, पश्चिम, उत्तर, दक्षिण दिशा छुट्टयाउनू र चिनो लाउनू । वृत्तको माझमा सोझो तथा मसिनो कीलो गाड्नू । बिहान बिहान पश्चिमपट्टि बसेको द्रष्टा (वेधकर्ता)ले हातमा लिएको अवलम्बकसूत्र (लामो, सोझो तथा मसिनो लट्ठी जस्तो यन्त्र)ले सो वृत्तको कीलोलाई छुवाई प्रत्येक दिन आधा उदाएका सूर्यलाई वेध गर्नू । त्रिज्यावृत्तको पूर्वभागमा जहाँ जहाँबाट सूर्योदय भएको देखिन्छ, त्यहाँ त्यहाँ चिनो लाउँदै जानू । यसरी वेध गर्दै जाँदा जुन दिन ठीक पूर्वबिन्दुबाट सूर्योदय भएको देखिन्छ, त्यसै दिनलाई विषुवद्दिन भन्छन् । त्यस दिन गणना गरी स्पष्टसूर्य ल्याउनू । त्यस दिनको स्पष्टसूर्य र मेषादिको जति अन्तर हुन्छ, त्यति नै अयनांश हुन्छ । सूर्य उत्तरतिर गइरहेको वेलाको कुरो यो हो । सूर्य दक्षिणतिर गइरहेको वेलामा चाहिँ स्पष्टसूर्य र तुलादिको जति अन्तर हुन्छ, त्यति नै अयनांश हुन्छ । यसरी वेध गर्दै जाँदा उत्तरतिरको परम सीमानामा पुगी जुन दिनदेखि सूर्य दक्षिणतिर फर्कन थाल्छन्, त्यस दिनलाई दक्षिणायनदिन भन्छन् । गणना गरी त्यस दिनको पनि स्पष्टसूर्य ल्याउनू । स्पष्टसूर्यको र तीन राशिको जति अन्तर हुन्छ, त्यति अयनांश हुन्छ । यसै गरी दक्षिणतिरको परम सीमानामा पुगी जुन दिनदेखि सूर्य उत्तरतिर फर्कन थाल्छन्, त्यस दिनलाई उत्तरायणदिन भन्छन् ।]

क्रान्त्यर्थं पातः क्रान्तिपातः । पातो नाम संपातः । कयोः । विषुवत्क्रान्तिवलययोः । नहि तयोर्मेषादावेव संपातः । किन्तु तस्याऽपि चलनमस्ति । येऽयनचलनभागाः प्रसिद्धास्त एव विलोमगस्य क्रान्तिपातस्य भागाः । मेषादेः पृष्ठतस्तावद्भागान्तरे क्रान्तिवृत्ते विषुवद्वृत्तं लग्नमित्यर्थः । नहि क्रान्तिपातो नाऽस्तीति वक्तुं शक्यते । प्रत्यक्षेण तस्योपलब्धत्वात् । ... तत् कथं ब्रह्मगुप्तादिभिर्निपुणैरपि नोक्त इति चेत् । तदा स्वल्पत्वात् तैर्नोपलब्धः । इदानीं बहुत्वात् साम्प्रतिकैरुपलब्धः । अत एव तस्य गतिरस्तीत्यवगन्तव्यम् ।

(*सिद्धान्तशिरोमणि* गोलबन्धाधिकार १७, १८, १९ श्लोकको वासनाभाष्य)

[क्रान्ति ल्याउनाको निमित्तको पात क्रान्तिपात हो । विषुवद्वृत्त र क्रान्तिवृत्तको सम्पात नै क्रान्तिपात हो । ती दुइ वृत्तको सम्पात मेषादिमा मात्र हुँदैन । त्यो सम्पात चल छ । अयनांश जति हुन्छ, त्यति नै अंश उल्टो हिँड्ने क्रान्तिपातको अंश हुन्छ । मेषादिदेखि पश्चिमतिर त्यति नै अंशको अन्तरमा क्रान्तिवृत्तमा विषुवद्वृत्तको सम्पात भएको भनी सम्झनुपर्छ । प्रत्यक्ष देखिने हुनाले क्रान्तिपात (अयनांश) छँदै छैन भन्न सकिँदैन ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

सिपालु ब्रह्मगुप्तहरूले पनि त्यसको चर्चा किन गर्नुभएन त भनी भन्नु पनि ठीक होइन । त्यस वेलामा थोरै भएको हुनाले उहाँहरूले भेट्टाउनुभएन । अहिले धेरै भएको हुनाले अहिलेकाले भेट्टाए । त्यस कारण त्यसको गति रहेछ भनी मान्नुपर्छ ।]

युक्तायनांशादपमः प्रसाध्यः कालौ च खेटात् खलु भुक्तभोग्यौ ।
जिनांशमौर्व्या१३९७गुणिताऽर्कदोर्ज्या त्रिज्यो३४३८द्धृता क्रान्तिगुणोऽस्य वर्गम्।।४७।।
त्रिज्याकृतेः ११८१९८४४ प्रोह्य पदं द्युजीवा क्रान्तिर्भवेत् क्रान्तिगुणस्य चापम् ।...
अत्र खेटादित्युपलक्षणम् । यस्मात् खेटाल्लग्नाद्वाऽपमः साध्यस्तस्मात् सायनांशादेव । तथा यस्मादुदयसम्बन्धिनौ भुक्तभोग्यकालौ साध्यौ तस्मादपि सायनांशादेव । सायनार्कस्य दोर्ज्या जिनभागज्यया गुणिता त्रिज्यया भक्ता क्रान्तिज्या स्यादित्यादि स्पष्टार्थम् ।

अस्योपपत्तिः ।

विषुवत्क्रान्तिवृत्तयोर्याम्योत्तरमन्तरं क्रान्ति :। तयोः सम्पाते क्रान्त्यभावः । ततस्त्रिभेऽन्तरे परमा जिनतुल्यभागाः । अतस्तत्संपातादारभ्य क्रान्तिः साध्या । उदयाश्च तत एव । स तु सम्पातो मेषादेः प्रागयनांश-तुल्येऽन्तरे । अतः सायनांशात् खेटात् क्रान्तिर्भुक्तभोग्यकालौ चेत्युक्तम् ।यदि त्रिज्यातुल्यया भुजज्यया जिनांशज्यातुल्या क्रान्तिज्या लभ्यते तदेष्टज्यया किमिति । फलं क्रान्तिज्या विषुवद्वृत्तात् तिर्यग्रूपा भवति । क्रान्तिज्या भुजस्त्रिज्या कर्णस्तद्वर्गान्तरपदमहोरात्रवृत्तव्यासार्द्धम् । सैव द्युज्या ।

(सिद्धान्तशिरोमणि स्पष्टाधिकार*)*

[ग्रह तथा लग्नको क्रान्ति ल्याउँदा वा भुक्त भोग्यकाल ल्याउँदा अयनांश जोडिएका ग्रह तथा लग्नबाट ल्याउनुपर्छ । क्रान्ति ल्याउँदा स्पष्टसूर्यमा अयनांश जोड्नू, सायनस्पष्टसूर्य हुन्छन् । सायनस्पष्टसूर्यको भुजज्यालाई २४ अंशको ज्या १३९७ ले गुनी त्रिज्या ३४३८ ले भाग लिनू, लब्धि क्रान्तिज्या हुन्छ । क्रान्तिज्याको वर्गलाई त्रिज्याको वर्ग ११८१९८४४ बाट घटाई शेषको मूल लिनू, सो मूल द्युज्या हुन्छ । क्रान्तिज्याको चाप बनाउनू, क्रान्ति हुन्छ ।

यसको उपपत्ति ।

ग्रहोपरिगत ध्रुवप्रोतवृत्तमा विषुवद्वृत्त र क्रान्तिवृत्तको जति अन्तर हुन्छ, त्यति नै क्रान्ति हुन्छ । विषुवद्वृत्त र क्रान्तिवृत्तको सम्पातमा क्रान्ति हुँदैन । सो सम्पातबिन्दुबाट ३ राशिका फरकमा परमक्रान्ति (२४ अंश क्रान्ति) हुन्छ । त्यस कारण सो सम्पातबिन्दु-

CC-0. Nepal Sanskrit Academy, Kathmandu

बाट गणना गरी क्रान्ति ल्याउनुपर्छ । उदय (विषुवांश) पनि त्यही सम्पातबिन्दुबाट ल्याउनुपर्छ । मेषादिबाट ग्रह पूर्वपट्टि जान्छ, सम्पातचाहिँ मेषादिबाट पश्चिमपट्टि अयनांशतुल्य अन्तरमा रहेको हुन्छ । यस कारण अयनांश जोडिएको ग्रहबाट क्रान्ति तथा भुक्तकाल भोग्यकाल ल्याउनुपर्छ भनेको हो । त्रिज्यातुल्य भुजज्याले त २४ अंशको ज्यातुल्य क्रान्तिज्या पाइन्छ भने इष्टभुजांशज्याले कति पाइएला भनी त्रैराशिक गर्दा आएको फल क्रान्तिज्या हुन्छ । त्यो क्रान्तिज्या नाडीवृत्तधरातलमा लम्बरूप भएर रहेको हुन्छ । क्रान्तिज्या भुज, त्रिज्या कर्ण, द्युज्या कोटि हुन्छ । भुज र कर्णको वर्गान्तरको मूल लिनू, द्युज्या हुन्छ । सो द्युज्या अहोरात्रवृत्तको व्यासार्ध हुन्छ ।]

यहाँसम्मका कुराबाट ग्रहको क्रान्ति ल्याउन सो ग्रहमा अयनांश जोडी सायनग्रह बनाई सायनग्रहबाट क्रान्ति ल्याउनुपर्छ भन्ने स्पष्ट हुन्छ ।

वि. सं. ५५६ का[३] आर्यभटले अयनांशको चर्चा गरेका छैनन्–

मेषादेः कन्यान्तं सममुदगपमण्डलार्धमपयातम् ।
तौल्यादेर्मीनान्तं शेषार्धं दक्षिणेनैव ।।१।।

(*आर्यभटीय* गोलपाद)

[मेषादिदेखि कन्यान्तसम्म नाडीमण्डलबाट क्रान्तिमण्डल उत्तरतिर रहेको हुन्छ । तुलादिदेखि मीनान्तसम्म नाडीमण्डलबाट क्रान्तिमण्डल दक्षिणतिर रहेको हुन्छ ।]

यही विषयलाई भास्करले यसरी बोलेका छन्–

स सौम्यगोलो भदलं यदाद्यं याम्योऽपरं सायनभागभानोः ··· ।।३१।।

(*सिद्धान्तशिरोमणि* त्रिप्रश्नाधिकार)

[सायनसूर्यको मेषादिदेखि कन्यान्तसम्म उत्तरगोल हुन्छ । सायनसूर्यको तुलादिदेखि मीनान्तसम्म दक्षिणगोल हुन्छ ।]

जुन ठाउँमा आर्यभटले सायन निरयण भन्ने बोलेका छैनन्, त्यही ठाउँमा भास्करले सायन भनी बोलेका छन् ।

परमापक्रमजीवामिष्टज्यार्धाहतां ततो विभजेत् ।
ज्यालम्बकेन लब्धार्काग्रा पूर्वापरे क्षितिजे ।।३०।।

(*आर्यभटीय* गोलपाद)

[सूर्यको भुजज्यालाई परमक्रान्तिज्याले गुनी लम्बज्याले भाग लिनू, सूर्यको अग्रा आउँछ ।

---

३. वि. सं. २०३० मा प्रकाशित *पूर्णिमा* २९ अङ्कमा छापिएको नयराज पन्तको यस अङ्कको विषयमा भन्ने निबन्ध, सो अङ्कका ३–४ पृ.

CC-0. Nepal Sanskrit Academy, Kathmandu

पूर्वस्वस्तिकदेखि सूर्यको उदयविन्दुसम्मको चापको ज्या अग्रा हुन्छ । त्यसै गरी पश्चिम-स्वस्तिकदेखि सूर्यको अस्तविन्दुसम्मको चापको ज्या पनि अग्रा हुन्छ ।]

अब यस विषयमा विचार गरिन्छ ।

भुजोऽक्षभा कोटिरिना १२ ङ्गुलो ना कर्णोऽक्षकर्णस्त्रिभुजं यथेदम् ।
तथाऽक्षलम्बौ भुजकोटिरूपौ त्रिज्या श्रुतिर्दक्षिणसौम्यवृत्ते ।।४५।।
उन्मण्डले प्रागपरोत्थसूत्रात् क्रान्तिज्यका कोटिरथ द्युरात्रे ।
कुज्या भुजोऽग्रा क्षितिजे च कर्णः क्षेत्रं तथेदं त्रिभुजं प्रसिद्धम् ।।४६।।

(*सिद्धान्तशिरोमणि* त्रिप्रश्नवासना)

[पलभा भुज, १२ अङ्गुलको शङ्कु कोटि, अक्षकर्ण (पलकर्ण) ले बनेको जात्यत्रिभुज अक्षक्षेत्र हुन्छ ।

अक्षज्या भुज, लम्बज्या कोटि, त्रिज्या कर्णले बनेको जात्यत्रिभुज याम्योत्तरवृत्तको धरातलमा रहन्छ । यो अक्षक्षेत्र हो ।

अहोरात्रवृत्तको धरातलमा रहेको कुज्या भुज, उन्मण्डलको धरातलमा रहेको तथा पूर्वापरसूत्रबाट उठेको क्रान्तिज्या कोटि, क्षितिजवृत्तको धरातलमा रहेको अग्रा कर्णले बनेको जात्यत्रिभुज अक्षक्षेत्र हो ।]

(वि. सं. २०३४ मा त्रिभुवनविश्वविद्यालयको पाठ्यक्रमविकासकेन्द्रद्वारा प्रकाशित नयराज पन्तको *गोलबोधको* ८७ पृ.)

यस कारण लम्बज्याले त त्रिज्या पाइन्छ भने क्रान्तिज्याले के पाइएला भनी अनुपात गर्दा

$$\text{अग्रा} = \frac{\text{त्रि} \times \text{क्रान्तिज्या}}{\text{लम्बज्या}} \qquad (१)$$

युक्तायनांशादपमः प्रसाध्यः कालौ च खेटात् खलु भुक्तभोग्यौ ।
जिनांशमौर्व्या १३९७ गुणिताऽर्कदोर्ज्या त्रिज्यो३४३८ द्धृता क्रान्तिगुणो··· ।।४७।।

यही निबन्धमा माथि उद्धृत भास्करको यस सूत्रअनुसार

$$\text{क्रान्तिज्या} = \frac{\text{सायनसूर्यभुजज्या} \times \text{परमक्रान्तिज्या}}{\text{त्रि}} \qquad (२)$$

(१) समीकरणमा (२) समीकरणको क्रान्तिज्याको उत्थापन दिँदा

$$\text{अग्रा} = \frac{\text{त्रि}}{\text{लम्बज्या}} \times \frac{\text{सायनसूर्यभुजज्या} \times \text{परमक्रान्तिज्या}}{\text{त्रि}}$$

$$= \frac{\text{सायनसूर्यभुजज्या} \times \text{परमक्रान्तिज्या}}{\text{लम्बज्या}}$$

यस्तो रूप बस्छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

आर्यभटको माथि उद्धृत सूत्रअनुसार

$$\text{अग्रा} = \frac{\text{सूर्यभुजज्या} \times \text{परमक्रान्तिज्या}}{\text{लम्बज्या}}$$

यस्तो रूप हुन्छ ।

यस कारण आर्यभटको दृष्टिमा

सायनसूर्यभुजज्या = सूर्यभुजज्या

हुन्छ ।

यताबाट आर्यभटको समयमा सायन, निरयणको क्रमेला थिएन भन्ने स्पष्ट हुन्छ ।

वि. सं. ५६२ का[४] वराहमिहिरले अयनांशको चर्चा गरेका छैनन्–

उत्तरगोलेऽर्कज्या काष्ठान्तगुणा ध्रुवज्यया भक्ता ।
ताः शङ्कुलिप्तिकाख्यास्ताभिः सममण्डलच्छाया ।।३५।।

(*पञ्चसिद्धान्तिका* ४ अध्याय)

[सूर्यको भुजज्यालाई परमक्रान्तिज्याले गुनी अक्षज्याले भाग लिनू, समशङ्कु आउँछ । समशङ्कुबाट सममण्डलमा सूर्य पस्ने वेलाको छाया आउँछ । उत्तरगोलमा (सूर्य मेषादि ६ राशिमा भएमा) मात्र यो स्थिति हुन्छ ।]

अब यस विषयमा विचार गरिन्छ ।

तथाऽक्षलम्बौ भुजकोटिरूपौ त्रिज्या श्रुतिर्दक्षिणसौम्यवृत्ते ।।४५।।
भुजोऽपमज्या समना च कर्णः कुज्योनिता तद्धृतिरेव कोटिः ।।४७।।

(*सिद्धान्तशिरोमणि* त्रिप्रश्नवासना)

[अक्षज्या भुज, लम्बज्या कोटि, त्रिज्या कर्णले बनेको जात्यत्रिभुज याम्योत्तरवृत्तको धरातलमा रहन्छ । यो अक्षक्षेत्र हो ।
उन्मण्डलको धरातलमा रहेको क्रान्तिज्या भुज, अहोरात्रवृत्तको धरातलमा रहेको कुज्योनतद्धृति (तद्धृतिको ऊर्ध्वखण्ड) कोटि, पूर्वापरवृत्तको धरातलमा रहेको समशङ्कु कर्णले बनेको जात्यत्रिभुज अक्षक्षेत्र हो ।]

(*गोलबोधको* ८७ पृ.)

यस कारण अक्षज्याले त त्रिज्या पाइन्छ भने क्रान्तिज्याले के पाइएला भनी अनुपात गर्दा

$$\text{समशङ्कु} = \frac{\text{त्रि} \times \text{क्रान्तिज्या}}{\text{अक्षज्या}} \qquad (१)$$

४. वि. सं. २०१९ मा संशोधन–मण्डलद्वारा प्रकाशित नयराज पन्तको *विद्या–रत्ना* १० सङ्ख्याको १० पृ.

CC-0. Nepal Sanskrit Academy, Kathmandu

माथि उद्धृत गरिएको भास्करको सूत्रअनुसार

$$\text{क्रान्तिज्या} = \frac{\text{सायनसूर्यभुजज्या} \times \text{परमक्रान्तिज्या}}{\text{त्रि}} \qquad (२)$$

(१) समीकरणमा (२) समीकरणको क्रान्तिज्याको उत्थापन दिँदा

$$\text{समशङ्कु} = \frac{\text{त्रि}}{\text{अक्षज्या}} \times \frac{\text{सायनसूर्यभुजज्या} \times \text{परमक्रान्तिज्या}}{\text{त्रि}}$$

$$= \frac{\text{सायनसूर्यभुजज्या} \times \text{परमक्रान्तिज्या}}{\text{अक्षज्या}}$$

यस्तो रूप वस्छ ।

वराहमिहिरको माथि उद्धृत सूत्रअनुसार

$$\text{समशङ्कु} = \frac{\text{सूर्यभुजज्या} \times \text{परमक्रान्तिज्या}}{\text{अक्षज्या}}$$

यस्तो रूप हुन्छ ।

यस कारण वराहमिहिरको दृष्टिमा

सायनसूर्यभुजज्या = सूर्यभुजज्या

हुन्छ ।

यताबाट वराहमिहिरको समयमा सायन निरयणको फ्रमेला थिएन भन्ने स्पष्ट हुन्छ ।

वि. सं. ६८५ मा[५] ब्रह्मगुप्तले अयनांशको चर्चा गरेका छैनन्–

जिन २४ भागज्यागुणिता सूर्यज्या व्यासदलहृता लब्धम् ।
इष्टापक्रमजीवा विषुवदुदग्दक्षिणा सवितुः ।।५५।।

(*ब्राह्मस्फुटसिद्धान्त* स्पष्टाधिकार)

[सूर्यको भुजज्यालाई २४ अंशको ज्याले गुनी त्रिज्याले भाग लिनू, लब्धि क्रान्तिज्या हुन्छ । नाडीमण्डलदेखि उत्तरतिर वा दक्षिणतिर सूर्यको क्रान्ति रहन्छ ।]

ब्रह्मगुप्तको यस सूत्रअनुसार

$$\text{क्रान्तिज्या} = \frac{\text{सूर्यभुजज्या} \times \text{परमक्रान्तिज्या}}{\text{त्रि}}$$

हुने देखिन्छ ।

भास्करको माथि उद्धृत सूत्रअनुसार

$$\text{क्रान्तिज्या} = \frac{\text{सायनसूर्यभुजज्या} \times \text{परमक्रान्तिज्या}}{\text{त्रि}}$$

हुन्छ ।

---

५. वि. सं. २०३३ मा प्रकाशित *पूर्णिमा* ३५ अङ्कमा छापिएको नयराज पन्तको *लिच्छविसंवत्को निष्कर्षको परीक्षा* भन्ने निबन्ध, सो अङ्कको १७९ पृ.

CC-0. Nepal Sanskrit Academy, Kathmandu

यताबाट ब्रह्मगुप्तको समयमा सायन, निरयणको कुमेला थिएन भन्ने स्पष्ट हुन्छ।

वि. सं. ९६१ मा[६] वटेश्वरले अयनांशको चर्चा गरेका छन्–

साध्यम्।

अयनचलनं स्वबुद्ध्या गणकेन हि चापचतुरेण ।।२५।।

(*वटेश्वरसिद्धान्त* त्रिप्रश्नाधिकार २ अध्याय। *वटेश्वरसिद्धान्त*को ४९१ पृ.)

[चापगणित जान्ने ज्योतिषीले आफ्नै बुद्धिले अयनचलन (अयनांश) ल्याउनुपर्छ।]

यताबाट वि. सं. ९६१ मा वटेश्वरले अयनांश छ भन्ने कुरा बुझेका, तर त्यसलाई ल्याउने स्पष्ट गणितचाहिँ पत्ता लाउन नसकेको देखिन्छ।

वि. सं. ९८९ का[७] मुञ्जालले अयनांशको चर्चा गरेका छन्–

---

६. शकेन्द्रकालाद् भुजशून्यकुञ्जरै ८०२ रभूदतीतैर्मम जन्म हायनैः।
अकारि राद्धान्त इतैः स्वजन्मनो मया जिना२४ब्दैर्द्युसदामनुग्रहात् ।।२१।।

[*वटेश्वरसिद्धान्त* मध्यमाधिकार १ अध्याय। वि. सं. २०१८ मा दिल्लीबाट इन्डिअन् इन्स्टिच्यूट् अफ् अस्ट्रनमिकल् यान्ड् संस्कृत् रिस्अर्च् (सिद्धान्तज्यौतिष र संस्कृतसम्बन्धी अनुसन्धान गर्ने भारतीय संस्था) द्वारा प्रकाशित, रामस्वरूप शर्मा र मुकुन्द मिश्रद्वारा सम्पादित वटेश्वरसिद्धान्तको ४२ पृ.)

[शाके ८०२ (वि. सं. ९३७) मा मेरो जन्म भयो। २४ वर्षको उमेरमा देवताहरूको कृपाले यो सिद्धान्त मैले बनाएँ।]

७. प्रकाशादित्यवत् ख्यातो भारद्वाजो द्विजोत्तमः।
लघुपूर्वं स्फुटोपायं वक्ष्येन्यल् लघुमानसम् ।।
कृतेष्विभ ८५४ मिते शाके मध्याह्ने रविवासरे।
चैत्रादौ ध्रुवकान् वक्ष्ये रविचन्द्रेन्दुतुङ्गजान् ।।
इति मुञ्जालभट्टविरचिते लघुमानसाख्ये करणे ...

(वि. सं. १९४९ मा काशीबाट प्रकाशित सुधाकर द्विवेदीको *गणकतरङ्गिणी*मा यो श्लोक छापिएका छन्। वि. सं. १९९० मा प्रकाशित दोस्रो संस्करणका १९, २० पृ.)

[सूर्यको प्रकाश जस्तै प्रख्यात भएको, भारद्वाजगोत्रमा जन्मेको, असल ब्राह्मण म सानो तथा स्पष्ट कुरा भएको अर्को लघुमानस बनाउँछु।

शाके ८५४ (वि. सं. ९८९) चैत्रशुक्ल प्रतिपद् आदित्यवारको मध्याह्नकालका सूर्यध्रुव, चन्द्रध्रुव, चन्द्रोच्चध्रुव बताउँछु।

मुञ्जाल भट्टले बनाएको लघुमानसनाउँको करण]

CC-0. Nepal Sanskrit Academy, Kathmandu

विषुवत्क्रान्तिवलययोः सम्पातः क्रान्तिपातः स्यात् ... ।।१७।।
अयनचलनं यदुक्तं मुञ्जालाद्यैः स एवाऽयम्... ।।१८।।

क्रान्त्यर्थं पातः क्रान्तिपातः । पातो नाम सम्पातः । कयोः । विषुवत्क्रान्तिवलययोः । न हि तयोर्मेषादावेव सम्पातः । किन्तु तस्याऽपि चलनमस्ति । येऽयनचलनभागाः प्रसिद्धास्त एव विलोगमस्य क्रान्तिपातस्य भागाः ।... मुञ्जालाद्यैर्यदयनचलनमुक्तं स एवाऽयं क्रान्तिपातः ।

(*सिद्धान्तशिरोमणि* गोलबन्धाधिकार)

[क्रान्ति ल्याउनानिमित्तको पात क्रान्तिपात हो । विषुवद्वृत्त र क्रान्तिवृत्तको सम्पात नै क्रान्तिपात हो । तो दुइ वृत्तको सम्पात मेषादिमा मात्र हुँदैन । त्यो सम्पात चल छ । अयनांश जति हुन्छ, त्यति नै अंश उल्टो हिँड्ने क्रान्तिपातको अंश हुन्छ । मुञ्जालहरूले अयनचलन भनी जो बताए, त्यही नै क्रान्तिपात हो ।]

यतावाट वि. सं. ९८९ मा अयनांशको चर्चा राम्रोसँग चलिसकेको थियो भन्ने देखिन्छ ।

वि. सं. १०९९ का[८] भोजले अयनांशको चर्चा गरेका छन्–

शकात् कृताब्धिवेदो ४४४ नात् षष्ट्या६०प्ता अयनांशकाः ।
ते क्रान्तिसाधने लग्ने देया याते तथा चरे ।।२४।।

(*राजमृगाङ्क* मध्यमाधिकार । *राजमृगाङ्क*को ५ पृ.)

[शकसंवत्वाट ४४४ घटाई शेषलाई ६० ले भाग लिनू, अयनांश हुन्छ । ग्रहमा अयनांश जोडी सायनग्रहवाट क्रान्ति, लग्न, भुक्तकाल तथा चर ल्याउनुपर्छ ।]

वि. सं. ११४९ का[९] ब्रह्मदेवले अयनांशको चर्चा गरेका छन्–

---

८. शाको वेदर्तुनन्दो९६४नो रवि१२ घ्नो गतमासयुक्... ।।३।।
इति श्रीराजमृगाङ्के भोजराजविरचिते मध्यमाधिकारः ।

(*राजमृगाङ्क* मध्यमाधिकार । वि. सं. १९९७ मा आद्यार लाइब्रेरीद्वारा प्रकाशित, के. माधवकृष्ण शर्माद्वारा सम्पादित द *राजमृगाङ्क अफ् भोज* (*भोजको राजमृगाङ्क*) का ३, ६ पृ.)

[शकसंवत्बाट ९६४ घटाउनू, वर्षगण हुन्छ । वर्षगणलाई १२ ले गुनी गुणनफलमा चैत्रादि गतमास जोड्नू, सौरमासगण हुन्छ ।

राजा भोजले बनाएको राजमृगाङ्कको मध्यमाधिकार समाप्त भयो ।]

९. ब्रह्माच्युतत्रिनयनार्कशशाङ्कभौमसौम्येज्यशुक्रशनिवागधिपागणेशान् ।
नत्वाऽहमार्यभटशास्त्रसमं करोमि श्रीब्रह्मदेवगणकः करणप्रकाशम् ।।१।।
शाकः शक्रदशो १०१४ नितो रविगुणश्चैत्रादिमासान्वितो ---- ।।२।।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

व्योमाद्रिबाणैः ५७० सहितोऽब्दसङ्घो भवन्ति षष्टया ६० विहृतोऽयनांशाः ।
देया बुधैर्लग्नचरापमानां सिद्धयै ग्रहे दृग्वलनादिकेषु ।।९।।

(*करणप्रकाश* स्पष्टाधिकार । *करणप्रकाश*को १६ पृ.)

[वर्षगणमा ५७० जोडी योगफललाई ६० ले भाग लिनू, अयनांश हुन्छ । ग्रहमा अयनांश जोडी सायनग्रहबाट लग्न, चर, क्रान्ति, दृक्कर्म, वलनहरू ल्याउनुपर्छ ।]

वि. सं. ११५६ का[10] शतानन्दले अयनांशको चर्चा गरेका छन्–

शकेन्द्रकालात् खशराब्धि ४५० हीनात् षष्टया ६० प्तसङ्ख्या अयनांशकाः स्युः ... ।।१।।

(*भास्वती* त्रिप्रश्नाधिकार)

[शकसंवत्वाट ४५० घटाई शेषलाई ६० ले भाग लिनू, अयनांश हुन्छ ।]

यहाँसम्मका कुराबाट वि. सं. ५५६ देखि वि. सं. ६८५ भित्र बनेका ग्रन्थमा अयनांशको चर्चा देखिएन, वि. सं. ९६१ देखि बनेका ग्रन्थमा अयनांशको चर्चा देखियो भन्ने कुरा स्पष्ट हुन्छ ।

अब *सुमतितन्त्र*मा अयनांशको चर्चा छ वा छैन भनी विचार गरिन्छ ।

मूलपाठ

इष्टमध्याह्निकादित्यं ज्या कुर्यापक्रमैर्वधं ।।
व्यासार्द्धेन विभक्तश्च तद्द्विनापक्रमम्भवेत् ।।
तन्तु चापश्च कर्त्तव्यं खखवेदशरे क्षयम् ।
शोध्य शेषेण ज्या कुर्यात् । तद्दिनज्यार्द्धमेव च ।

अस्याङ्क

गुण १३९८ भाग ३४३८ फल इष्टापक्रमम्भवति । तद्दिष्टापक्रमचापेन शोध्यः शोधका ५४०० शेष ज्या कुर्यात्तदिनज्यार्द्धम्भवति ।।

(*सुमतितन्त्र* ताडपत्र ६१ क पत्र)

(*करणप्रकाश* मध्यमाधिकार । वि. सं. १९५६ मा काशीबाट हरिदास गुप्तद्वारा प्रकाशित, सुधाकर द्विवेदीद्वारा सम्पादित *करणप्रकाश*को १ पृ.)

[ब्रह्मा, विष्णु, महादेव, सूर्य, चन्द्र, मङ्गल, बुध, बृहस्पति, शुक्र, शनैश्चर, सरस्वती तथा गणेशलाई ढोगेर म ज्योतिषी ब्रह्मदेव आर्यभटको सिद्धान्तअनुसारको करणप्रकाश बनाउँछु । शाकेबाट १०१४ घटाउनू , वर्षगण हुन्छ । वर्षगणलाई १२ ले गुन्नू, गुणनफलमा चैत्रादि गतमास जोड्नू , सौरमासगण हुन्छ ।]

१०. वि. सं. २०३० मा प्रकाशित *पूर्णिमा* २९ अङ्कमा छापिएको महेशराज पन्त र दिनेशराज पन्तको *भास्वतीका* प्रसिद्ध टीकाकार नेपाली ज्योतिषी बलभद्र भन्ने निबन्ध, सो अङ्कका ३१–३२ पृ.

CC-0. Nepal Sanskrit Academy, Kathmandu

संशोधित पाठ

माध्याह्निकस्य सूर्यस्य ज्या परापक्रमज्यया १३९८ ।
हृता त्रिज्या ३४३८ विभक्ता स्यात् तद्दिनेऽपक्रमज्यका ।।
तस्याश्चापं खाभ्रवेदशरे५४००भ्यः परिशोधयेत् ।
शेषस्य जीवा कर्तव्या सा द्युज्या तद्दिने भवेत् ।।

अस्य सूत्रस्याऽङ्कव्याख्या ।

सूर्यज्याया गुणकोऽष्टनवत्यधिकत्रयोदशशतानि१३९८ भाजकस्त्रिज्या ३४३८ । फलमिष्टापक्रमज्या भवति । तस्याश्चापमिष्टापक्रमकलाः । चापकलाभिश्चतुः-पञ्चाशच् शतानि ४५०० कलाः शोध्याः । शेषस्य ज्या कार्या, द्युज्या भवति ।

[इष्टदिनको मध्याह्नकालमा स्पष्टसूर्य ल्याउनू । स्पष्टसूर्यको ज्यालाई परमक्रान्तिज्याले गुनी त्रिज्याले भाग लिनू, लब्धि क्रान्तिज्या हुन्छ ।

क्रान्तिज्याको चाप क्रान्तिकला हुन्छ । क्रान्तिकलालाई ५४०० कलाबाट घटाउनू, शेष द्युज्याचापकला हुन्छ । द्युज्याचापकलाको ज्या द्युज्या हुन्छ ।]

यताबाट सुमतितन्त्रअनुसार

$$\text{क्रान्तिज्या} = \frac{\text{सूर्यभुजज्या} \times \text{परमक्रान्तिज्या}}{\text{त्रि}}$$

हुने भयो ।

भास्करको माथि उद्धृत सूत्रअनुसार

$$\text{क्रान्तिज्या} = \frac{\text{सायनसूर्यभुजज्या} \times \text{परमक्रान्तिज्या}}{\text{त्रि}}$$

हुन्छ ।

यताबाट सुमतितन्त्रकारको समयमा सायन निरयणको फ्रमेला थिएन भन्ने स्पष्ट हुन्छ ।

यस कारण वि. सं. ६३३ देखि ९३७ भित्रको कुनै वर्षमा *सुमतितन्त्र* बनेको हुनुपर्छ भनी हामीले माथि जो लेखेका थियौं, सो कुरा गणितको दृष्टिबाट पनि ठीक देखिन आएको छ । यस कारण *सुमतितन्त्र* लिच्छविकालमा बनेको ग्रन्थ हो भन्ने कुरामा केही शङ्का छैन ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

शङ्करमान राजवंशीका प्रलाप

–नयराज पन्त

प्रशस्ते अभिजिति मुहूर्ते भनी अन्वय गरे ऊँ रोहिणी नक्षत्रयुक्ते प्रतिपदि भनी अन्वय गरी चन्द्रमसिको अर्थ सोमवार भन्न मिल्ने भयो ।

(श्री ५ को सरकार शिक्षामन्त्रालय पुरातत्त्वविभागको मुखपत्र *प्राचीन नेपाल*को ४१-४२ अङ्कमा छापिएको शङ्करमान राजवंशीको *अनुसन्धानको एक निष्कर्ष* भन्ने निबन्ध, सो अङ्कको ३ पृष्ठ)

अब यस विषयमा केही लेखिन्छ ।

कालो दिष्टोऽप्यनेहाऽपि समयोऽप्यथ पक्षतिः ।
प्रतिपद् द्वे इमे स्त्रीत्वे तदाद्यास्तिथयो द्वयोः ।।१।।

(*अमरकोश* १।४)

काल १, दिष्ट १, अनेहस् १, समय १, [४ काल (समय=वखत) का नाम] पक्षति २ प्रतिपद् २ [२ परेवा-तिथिका नाम] तदाद्याः तिथयः (परेवा-आदिगरेका दिन तिथि कहिन्छन्) । द्वयोः (तिथि शब्द पुंलिङ्ग-र-स्त्रीलिङ्गमा रहन्छ) । तिथि ४ [१ प्रतिपदादितिथिको नाम] ।।१।।

(वि. सं. २०२६ मा नेपाल राजकीय प्रज्ञाप्रतिष्ठानद्वारा प्रकाशित विद्वच्छिरोमणि–विद्याभूषण-साहित्यमणि–साहित्याचार्य कुलचन्द्र गौतमविरचित *अमरकोश*को टीकाको २९ पृष्ठ)

...१ को अङ्क भये त्यो शब्द पुंलिङ्गी हो ।
...२ को अङ्क भये त्यो शब्द स्त्रीलिङ्गी हो ।
...४ को अङ्क भये त्यो शब्द पुंलिङ्गी र स्त्रीलिङ्गी हो ।

(*अमरकोश*को कुलचन्द्रविरचित सोही टीकाको क पृष्ठ)

प्रतिपद् २ लेखिएकोले प्रतिपद शब्द स्त्रीलिङ्गमा रहेछ भन्ने सिद्ध हुन्छ । स्त्रीलिङ्गी प्रतिपद् शब्दको विशेषण **रोहिणीनक्षत्रयुक्तायाम्** हुन्छ, रोहिणीनक्षत्र-युक्ते हुन सक्तैन ।

यस कारण

रोहिणीनक्षत्रयुक्ते प्रतिपदि भनी अन्वय गरी भनी शङ्करमानले जो लेखे, त्यसको सार प्रलापभन्दा अर्को हुन सक्तैन भन्ने स्पष्ट छ ।

यस्तो प्रलापपूर्ण लेखलाई आफ्नो पत्रिकामा अग्रलेखको रूपमा छपाउने सम्पादकको योग्यता पनि यसबाट प्रकट हुन्छ ।

सुमतितन्त्रको पुस्तक आजसम्म थाहा भएकोमा २ प्रति छन् एक प्रति लण्डनको

CC-0. Nepal Sanskrit Academy, Kathmandu

पुस्तकालयमा रहेको र अर्को प्रति नेपाल राष्ट्रिय अभिलेखालयमा रहेको । लण्डनको पुस्तकालयमा रहेको सुमतितन्त्र वि. सं १४१२ मा लेखिएको भन्ने र नेपाल राष्ट्रिय अभिलेखालयमा रहेको सुमतितन्त्रचाहिं वि. सं. १४३१ मा सारिएको भनी थाहा पाइएका छन् । राष्ट्रिय अभिलेखालयमा रहेको ताडपत्रको सुमतितन्त्र पुस्तकको ६२ पत्रसम्म प्राचीन भुर्जिमोल लिपिमा लेखिएको र पत्रसंख्या अक्षरात्मकबाट दिइएको स्पष्ट देखिन्छन् । ताडपत्र पनि पुरानो खालको देखिन्छ । त्यसपछिको पत्रमा पत्रसंख्या अंकात्मकबाट दिइएको र ताडपत्र पनि त्यो भन्दा नयाँ देखिन्छन् । नेपालमा रहेको उक्त सुमतितन्त्रचाहिं दुई पटक सारेर पूरा गरेको भनी त्यसै पुस्तकमा लेखिएको छ । सायद वि. सं. १४१२ को सुमतितन्त्रबाट सारेर पूरा गरेको होला भन्ने धेरै सम्भव छ । ६२ पत्रसम्म लेखिएको लिपि लिच्छविकालको लिपि होइन । कुन आधारमा सुमतितन्त्रलाई लिच्छविकालको ग्रन्थ भनी वि. सं. २०३५ ज्येष्ठ २८ गते गो. प. मा रा. स स. ले खबर दिए । यो आश्चर्यको कुरा छ । केशरपुस्तकालयमा रहेको लिच्छवि लिपिमा लेखिएको सहोत्तरतन्त्र ताडपत्रको पुस्तक जस्तै लिच्छवि लिपिमा लेखिएको अर्को प्रति सुमतितन्त्र भेट्टिएको छ कि ?

(मोहनप्रसाद खनाल र पार्थमणि उपाध्यायद्वारा सम्पादित, डुमाखाल काठमाडौंबाट मोहनप्रसाद खनालद्वारा प्रकाशित २०३५ वैशाख, जेठ, र असारको *सन्दर्भ* पत्रिकामा छापिएको शङ्करमान राजवंशीको *लिच्छविकालका संवत्को सन्दर्भमा* भन्ने निबन्ध, सो अङ्कको ५९ पृष्ठ)

अब यस विषयमा केही लेखिन्छ ।

सुमतितन्त्रको रचना लिच्छविकालभन्दा पछि भएको हुन सक्तैन भन्ने कुरो यही अङ्कमा छापिएको *सुमतितन्त्रको रचनाकाल* भन्ने निबन्धमा सप्रमाण लेखिएको छ । त्यसलाई यहाँ दोहऱ्याइ-रहनुपर्ने प्रयोजन छैन ।

लिच्छविकालको लिपिमा लेखिएको सुमतितन्त्र नपाइएकोले सुमतितन्त्र लिच्छविकालको ग्रन्थ हुन सक्तैन भन्ने हो भने महाभारतको रचनाकाल पनि धेरैपछिको हुन आउँछ । किनभने व्यासको कालमा लेखिएको महाभारत अहिलेसम्म पाइएको छैन । सबभन्दा पुरानो हस्तलिखित महाभारत नेपालमै पाइएको हो[1] । त्यसको लिपिकाल वि. सं. १४५३ हो[2] ।

---

१. वि. सं. २०२९ मा प्रकाशित *पूर्णिमा* २८ अङ्कमा छापिएको *गुरुज्यू हेमराजको विषयमा विदेशी विद्वान्हरूको विचार* भन्ने मेरो निबन्ध, सो अङ्कका २२९–२३१ पृ.

२. वि. सं. १९९० मा पूनाबाट भाण्डारकरप्राच्यविद्यासंशोधन–मन्दिरद्वारा प्रकाशित महाभारतको आलोचनात्मक संस्करणको पहिलो भागमा छापिएको विष्णु सखाराम सुक्थङ्करको प्रस्तावनाका १३–१४ पृष्ठ

यसभन्दा केही अगि वि. सं. १४४९ मा सारिएको महाभारत राष्ट्रिय अभिलेखालयमा छ । (वि. सं. २०२२ मा प्रकाशित *पूर्णिमा* ७ अङ्कमा छापिएको धनवज्र वज्राचार्यको *शक्तिशाली भारदार रामवर्द्धनहरू र तात्कालिक नेपाल* भन्ने निबन्ध, सो अङ्कको २८ पृ.)

CC-0. Nepal Sanskrit Academy, Kathmandu

*पञ्चसिद्धान्तिका*को रचनाकाल विक्रमको छैटौं शताब्दी हो भन्ने निश्चित छ[३]। परन्तु *पञ्चसिद्धान्तिका*को पाइएको हस्तलिखित पुस्तक वि. सं. १६७३ मा लेखिएको हो[४]।

यस कारण शङ्करमानको माथि उद्धृत वाक्यको सार प्रलापभन्दा अर्को हुन सक्तैन।

शङ्करमानलाई मैले व्याकरण पढ भनी घेरैपल्ट भनें। शङ्करमानले म ज्यौतिष पढ्न आएको हुँ, व्याकरण पढ्न आएको होइन भन्ने जवाफ दिए। ज्यौतिष पढ्ने भए *सिद्धान्त-शिरोमणि* पढ्नुपर्छ भनी मैले भनें। शङ्करमानले हुन्छ भने, केही पढे पनि, तर बीचमै पढाइ लरबरियो।

शङ्करमानले व्याकरण पढेका भए उनको कलमबाट **रोहिणीनक्षत्रयुक्ते प्रतिपदि** यस्तो लेख निस्कँदैनथ्यो। शङ्करमानले *सिद्धान्तशिरोमणि* राम्ररी पढेका भए सायन निरयणको भेद उनी बुझ्थे र ज्यौतिषग्रन्थको कालनिर्णय गर्ने रीति जान्दथे।

अब अर्को कुरो पनि भनिहालूँ।

खरीदार (पछि ऐतिहासिकशिरोमणि) बाबुराम आचार्य विलक्षण प्रतिभासम्पन्न पुरुष हुनुहुन्थ्यो। प्रत्येक मनुष्यमा भिन्नाभिन्नै प्रकारका गुण दोष हुन्छन्। त्यस्ता गुण दोष उहाँमा पनि थिए। तर उहाँमा चाटुकारता भन्ने गुणचाहिँ थिएन।

हाम्रो देशका प्रतिष्ठित विद्वान् तथा कविहरूमा प्रायः यो गुण देखिन्छ। जस्तै–

धर्मका विषयमा र नियामा रैतिमाथि करुणा गरनामा।
कोहि जन्मन गयेन कसैको पुत्र चन्द्रसमसेर सरीको ॥४५॥

(पं. कुलचन्द्र गौतमको *अलङ्कारचन्द्रोदय*बाट)

नेपालका महाराज चन्द्रसम्शेर जङ्गको
अथवा सब नेपाली हाम्रो असल भाग्यको।

(कवि बालकृष्ण समको *मुटुको व्यथा* पहिलो संस्करणबाट)

आलस्य–ध्वान्त फारी, विविध गुण-कला-कान्ति-धारा फिजारी
पारी सारा उज्यालो मुलुक, उदयमा प्राप्त सूर्यावतारी ॥
'श्री श्री श्री जुद्ध नामा' नृपतिवर महाराजमा भक्तिसाथ
टक्कचाई नाटच-पुष्पाञ्जलि जयजपना गर्छ यो 'लेखनाथ' ॥

(कवि लेखनाथ पौडेलको *लक्ष्मीपूजा*बाट)

---

३. यही अङ्कको १४३ पृ.

४. वि. सं. १९८७ मा लाहोरबाट मोतीलाल बनारसीदासद्वारा प्रकाशित, थीबो र सुधाकर द्विवेदीद्वारा सम्पादित *पञ्चसिद्धान्तिका*को दोस्रो संस्करणको ६१ पृष्ठ

CC-0. Nepal Sanskrit Academy, Kathmandu

आज छ हाम्रो सब खुशियाली, आज छ हाम्री श्री उजियाली
आज उदाए अंशुमाली रविकुलनृपमणि पद्म प्रभा ली ।

(कवि लक्ष्मीप्रसाद देवकोटाको *नवभाषोद्गार*बाट)

(वि. सं. २०२४ मा प्रकाशित *पूर्णिमा* १३ अङ्कमा छापिएको *शुल्बसूत्र* (*वैदिक रेखागणित*) को एक झलक भन्ने मेरो निबन्ध, सो अङ्कका ५९–६० पृ.)

यो गुण नभएको हुनाले राणाकालमा खरीदार बाबुरामको प्रतिभाको कदर भएन । बाबुरामजीले परिश्रमपूर्वक अन्वेषण गरी नेपालको इतिहासका केही भाग लेख्नुभएको थियो, तर उहाँले सो प्रकाश गराउन सक्नुभएको थिएन । घेरै मानिससँग सम्पर्क बढाउने बाबुरामजीको स्वभाव थियो । श्रीसूर्यविक्रम ज्ञवालीज्यूसँग पनि उहाँको सम्पर्क भयो । आफ्ना अन्वेषण आचार्यज्यूले ज्ञवालीज्यूलाई दिनुभयो । अरूले घेरै वर्ष लगाई गरेको अन्वेषण पाउँदा ज्ञवालीज्यूलाई सन्तोष भयो, आफूले प्रकाश गर्न नपाएका आफ्ना अन्वेषण प्रकाशित भए, त्यसबापत आफूलाई धन्यवाद प्राप्त भयो, आचार्यज्यूलाई पनि यसबाट सन्तोष भयो । *पृथ्वीनारायण शाह* तथा *अमरसिंह थापा*नामक ज्ञवालीज्यूका दुइ पुस्तक हेरे यो कुरो स्पष्ट हुन्छ ।

नेपालमा प्रजातन्त्र आयो । बाबुरामजीका लेख पनि प्रकाश हुन लागे । नेपाल एकेडेमी खुल्यो । त्यहाँ बाबुरामजी पनि अभ्यर्थी हुनुभएको थियो, तर उहाँ सफल हुनुभएन । त्यहाँ ज्ञवालीज्यू पुग्नुभयो[४] । अब आचार्यज्यूको अन्वेषण ज्ञवालीज्यू नपाउने हुनुभयो । यसै कारण रायल नेपाल एकेडेमीबाट निस्केको ज्ञवालीज्यूको *नेपाल उपत्यकाको मध्यकालीन इतिहास* दोषबहुल भई निस्कियो । संशोधन–मण्डलले यसको कडा आलोचना गऱ्यो । आलोचना चल्दै थियो । श्रीडिल्लीरमण रेग्मीज्यूले संशोधन–मण्डलको परिश्रमबाट आफू यशस्वी अन्वेषक बन्ने दुश्चेष्टा गर्न लाग्नुभएकोले त्यतातिर पनि काम गर्नुपऱ्यो । ठूलाबडाहरूसँग विरोध बढ्दै गएकोले संशोधन–मण्डल पातलिँदै गयो । बढ्ता आलोचना निस्कन सकेन ।

वि. सं. २०३४ को उत्तरार्द्ध देखि दिनेशराज पन्तको विशेष उत्साहले ज्ञवालीज्यूका मूर्खता तथा दुष्टता धडाधड निस्कन लागे । नेपालका पत्रपत्रिकाले यसलाई चर्चाको विषय बनाइदिए । ज्ञवालीज्यू र उहाँको दललाई राम्रो लाग्ने कुरो यो होइन । ज्ञवालीज्यू शक्तिशाली हुनुहुन्छ । शक्तिशालीका भक्तहरू पनि घेरै हुन्छन् । त्यसै कारण ज्ञवालीज्यूका कुनै भक्तको कलमबाट ज्ञवालीज्यूको लेखको प्रशंसा *रूपरेखा* २०६ अङ्कको ६५ पृष्ठमा निस्कियो । सन्दर्भ पत्रिकामा छापिएको शङ्करमान राजवंशीको माथि उद्धृत लेखसमेतको निबन्धको प्रशंसा पनि रूपरेखाको सोही अङ्कको ६७ पृष्ठमा निस्कियो ।

---

४. वि. सं. २०२९ मा प्रकाशित *पूर्णिमा* २७ अङ्कमा छापिएको *विद्वत्पूजा* भन्ने मेरो निबन्ध, सो अङ्कका १४२–१४७ पृष्ठ

CC-0. Nepal Sanskrit Academy, Kathmandu

सन्दर्भ पत्रिकामा छापिएका लेखहरूले पुरस्कार पाउँछन् भन्ने कुरा सोही पत्रिकाको नियमवाट बुझिन्छ ।

यस अवस्थामा संशोधन–मण्डलका विरोधी तथा शङ्करमानका इष्टहरूले शङ्करमानलाई सुनाउने मन्त्र र तदनुसार हुने अनुष्ठानलाई भविष्यका घटनाले प्रकट गर्नेछन् ।

★★★

चितौनवासमा रचिएका २ पद्य

–नयराज पन्त

आँपका बोटमा सेता फल

घुम्दै चर्दै दिनभर कतै पेटपूजानिमित्त
फर्की आए वक गुँडमहाँ राति बस्नानिमित्त ।
देखेँ मैले दिनकर पुगे पश्चिमाकाशमाहाँ
सेता सेता फलहरु फले आँपका बोटमाहाँ ।।

वि. सं. २०२८।१।३१।६ पटिहानी वेलौत पर्सा (चितौन)

ती गए यी आए

अग्ला वृक्ष थिए, बुटाहरु थिए, दुर्भेद्य ढङ्गी थिए,
गैँडा बाघ बँदेल आदि वनका प्राणी यहाँ बस्तथे ।
त्यो सारा वन फाँडियो, चउर औ यी खेत बन्दा भए,
केही गेह तथा अनेक झुपडी विस्तार बन्दै गए ।।

वि. सं. २०२८ ।२।२।१ भरतपुर (चितौन)

शुद्धिपत्र

पृष्ठ	पङ्क्ति	अशुद्ध	शुद्ध	पृष्ठ	पङ्क्ति	अशुद्ध	शुद्ध
९६	२१	माथितिर	तलतिर	१०४	२५	इष्ट शकसंवत	इष्टशकसंवत्
९७	९	माथि	तल	१०५	२	सूयकेन्द्र	सूर्यकेन्द्र
९७	१६	माथि	तल	१०६	८	रा,	रा.
९९	१२	प्रकाशनद्वारा	प्रकाशनद्वारा	१०६	१७	९·	·९
१०२	२४	पुरातत्त्वविभागद्वारा	पुरातत्त्वविभागद्वारा	१०८	१०	८५१	८६१
१०९	८	भुजान्तरसंस्कार पला	भुजान्तरसंस्कारपला	१०८	११	१३	३
१२२		र्णिमा	पूर्णिमा	१३०	२१	ज्येठ	ज्येष्ठ

CC-0. Nepal Sanskrit Academy, Kathmandu

हाम्रा प्रकाशित कृति

संशोधन-मण्डलतर्फबाट

१. पूर्णिमा १ देखि ३९ अङ्कसम्म — १४५।५०
२. अभिलेख-सङ्ग्रह १ देखि १२ भागसम्म — ७।५०
३. इतिहास-संशोधन — १३।
४. सावधान-पत्र — ६।
५. विद्या-रत्ना — ६।
६. व्याकरण-संशोधन — ३।५०
७. पञ्चाङ्ग-संशोधन — ३।५०

(यी पुस्तक साम्रा प्रकाशनको केन्द्र र सबै शाखामा पाइन्छन् ।)

८. बुद्धिविनोद-प्रश्नावली र त्यसको उत्तर — २।
९. पञ्चाङ्ग-संशोधन (१३-१५ सङ्ख्या) — ।७५
१०. सावधान-पत्र (१८-२७ सङ्ख्या) — २।१५
११. रत्नदीप — २।५०

नेपाल-सांस्कृतिक-परिषद्तर्फबाट

१. जयरत्नाकरनाटक — ८।
२. त्रिरत्नसौन्दर्यगाथा — १०।
३. ऐतिहासिक-पत्रसङ्ग्रह (पहिलो भाग) — ४।५०
४. ऐतिहासिक-पत्रसङ्ग्रह (दोस्रो भाग) — ३।५०

जगदम्बा-प्रकाशनतर्फबाट

१. गल्लीमा फ्याँकिएका कसिङ्गर — ६।२५
२. इतिहास-संशोधनको प्रमाण-प्रमेय — १८।
३. श्री ५ पृथ्वीनारायण शाहको उपदेश (५ खण्ड) — ४१।

त्रि. वि. वि. पाठ्यक्रम विकास-केन्द्र-तर्फबाट

१. गोलबोध — १३।७२
२. सुमतितन्त्र (त्रि. वि. वि. संस्कृतअध्ययनसंस्थानको आयोजनामा तयार भएको)

CC-0. Nepal Sanskrit Academy, Kathmandu

CC-0. Nepal Sanskrit Academy, Kathmandu

पूर्णिमा (इतिहास-प्रधान त्रैमासिक पत्रिका)

का. मे. अ. द. नं. १५५/२४९

कार्यालय-

संशोधन-मण्डल

१०/३७४ वटु सवलबहाल, काठमाडौं, नेपाल

वि. सं. २०३५ आश्विन

यस अङ्कको मूल्य रु. ८।

मुद्रक-

लुम्प प्रेस

पुलचोक, ललितपुर, नेपाल